# सिद्धार्थको बुद्धत्व प्राप्ति



## सिद्धार्थ कुमार प्रव्रज्या

सिद्धार्थ कुमारले राजदरबारको सुख ऐश्वर्य त्यागेर बाहिर निस्कनुभएपछि रातभरि कन्थक घोडामा सवार हुनुभयो । बाटोमा पर्ने तीन राज्य नाघेर जम्माजम्मी तीस योजन टाढा गइसकेपछि सिद्धार्थ अनोमा नदीकिनारमा पुग्नुभयो । त्यसपछि उहाँ घोडाबाट ओर्लेर नदीको बलौटे किनारमा बिस्तारै टहल्नुभयो ।

"छन्दक ! तिमी फर्केर जाऊ । अब म प्रव्रजित हुनेछु । यो लुगा र गहना सबै दरबारमा पुऱ्याउनू । मेरो कुरा पनि एक एक बताउनू," सिद्धार्थले गम्भीर तर दृढ



Pariyatti Book 2.pmd 1 3/28/2012, 9:51 AM

स्वरमा भन्नुभयो । सिद्धार्थको कुरा सुनेर छन्दक एकैपल्ट बेसरी रोए । छन्दकले जान मानेनन् । छन्दकले रुँदै भने, "म जान्नँ, म पनि हजुरसितै प्रव्रजित हुनेछु ।"

सिद्धार्थले त्यसपछि सम्झाउनुभयो, "छन्दक, यो तिम्रो प्रव्रजित हुने समय होइन । हामीले उता केही भनेर आएका छैनौँ । त्यसकारण तिमी अहिले फर्केर जाऊ र यताका सबै कुरा सुनाइसकेपछि फेरि आउनू अनि प्रव्रजित हुनू नि ।"

यसरी आषाढ पूर्णिमाका दिन सिद्धार्थले आफ्नो तरवारले आफ्नो केश काटी प्रव्रजित हुनुभयो । छन्दक आफ्नो मनले नमान्दा-नमान्दै फर्कनै पऱ्यो । त्यसकारण कन्थक घोडा लिएर सिद्धार्थ कुमारका लुगा गहनाको पोकोसहित छन्दक फर्केर गए । बोधिसत्त्वलाई छाडेर फर्कनुपरेको शोकले गर्दा कन्थक घोडाले बाटोमै आफ्नो प्राण त्याग्यो । छन्दकमात्र विह्वल हुँदै कपिलवस्तु पुगे र राजकुमार सिद्धार्थका सबै हालखबर शुद्धोदन राजालाई रोई-रोई सुनाए ।

## राजगृहनगर गमन

प्रव्रजित भइसकेपछि बोधिसत्त्व अनोमा नदीनजिकको अनुप्रिया भन्ने ठाउँको आँपबगैंचामा जानुभयो । उहाँ त्यस ठाउँमा सात दिनसम्म बस्नुभयो । र आठौं दिनमा उहाँ अनुप्रियाबाट राजगृह-नगरमा जानुभयो । त्यस समयमा राजगृहनगरमा मानिसहरू





Pariyatti Book 2.pmd 2 3/28/2012, 9:51 AM

उत्सव मनाइरहेका थिए । सिद्धार्थ त्यहाँ घरपिच्छे भिक्षाटन जानुभयो । राजगृहवासीहरूले बोधिसत्त्वजस्तो व्यक्ति त्यसभन्दाअघि कहिल्यै देखेका थिएनन् । सुन्दर युवक तर शरीरमा पहेंलो कपडा लाएको, अनि शान्त र गम्भीर स्वभावको । देख्नेहरू सबै आश्चर्यचकित भए । देशभरि उहाँको चर्चा भयो ।

## बिम्बिसार राजाको भेट

मगधाधिपति राजा बिम्बिसारलाई पनि आफ्ना राजकर्मचारीहरू मार्फत बोधिसत्त्वबारे थाहा भयो । राजालाई बोधिसत्त्वसित भेट्ने इच्छा भयो, अनि राजाले भने, "त्यो अमनुष्य हो भने नगरद्वारबाट बाहिर जानेबित्तिकै लोप भएर जानेछ । देवता हो भने आकाशतर्फ लाग्नेछ । नाग हो भने पृथ्वीमा नै डुबेर अल्पिनेछ । मान्छे हो भने कुनै एक ठाउँमा बसी आफूले पाएको भोजन गर्नेछ । तिमीहरू त्यो को रहेछन् राम्ररी बुझेर आऊ ।" राजाज्ञानुसार राजकर्मचारीहरू बोधिसत्त्वलाई बुझ्न भनी उहाँका पछि-पछि लागे । उहाँले प्राप्त गर्नुभएको भोजन पाण्डवपर्वतको छाँयामा बसी लिइरहनुभएको देखेपछि उनीहरूले त्यस कुराको जानकारी राजाकहाँ तुरून्त पुऱ्याए । राजा पनि बोधिसत्त्वलाई भेट्न तुरून्तै आए । बोधिसत्त्वको वास्तविक परिचय पाइसकेपछि राजाले अत्यन्त खुशी भएर उहाँका अगाडि अनुनयविनयका साथ आफ्नो कुरा राखे, "राजकुमार, तपाईं मेरो राज्यको आधा भाग लिनुहोस् ।" त्यस बेला बोधिसत्त्वले बिम्बिसारलाई आफू बुद्धत्व प्राप्तिका लागि गृहत्याग गरी हिंडेको कुरा सुनाउनुभयो । यो कुरा सुनेपछि बिम्बिसारले बोधिसत्त्वसित बुद्धत्व प्राप्त गरिसक्नुभएपछि उनी आफूले पनि उपदेश पाउने विश्वासका साथ आफूकहाँ पाल्न हुन आग्रह गरे ।

## तपस्वीहरूको आश्रम



बिम्बिसार राजाको चित्त बुझाइसकेपछि बोधिसत्त्वले त्यस बखतका सबै नामी तपस्वीहरूको सङ्गत गर्न थाल्नुभयो । सबभन्दा पहिले उहाँ भग्गव भन्ने प्रख्यात तपस्वीकहाँ जानुभयो । भग्गव तपस्वीबाट धर्म

सिक्न थाल्नुभयो तर त्यहाँ उहाँलाई सन्तोष मिलेन । त्यहाँबाट **आलारकालाम** र **उद्दकरामपुत्र**हरूको आश्रममा पुग्नुभयो । त्यहाँ बसेर वहाँले **आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन** ध्यान सिक्नुभयो तर त्यसबाट आफूले विचार गरेजस्तो निर्वाण प्राप्त गर्न सकिन्न भनी थाहा पाउनुभयो । त्यो दुःख नाश गर्ने उपाय पनि होइन भनी बुझ्नुभयो । त्यसकारण त्यो आश्रम पनि छाडेर उहाँ आफैले धर्मबारे खोजी गर्दै हिंड्न थाल्नुभयो ।

## दुष्कर चर्या

उहाँ **नेरञ्जना** नदी नजिकको उरूवेल जङ्गलमा जानुभयो । त्यो ठाउँ भित्री वातावरणले शान्त र बाहिरबाट विघ्न-बाधा र अवरोधविहीन थियो । त्यसकारण त्यस ठाउँलाई तपस्वीहरूले तप गर्नाका लागि रोज्ने गर्दथे । सिद्धार्थ बोधिसत्त्वले पनि त्यसै ठाउँमा गएर निर्वाण खोज्ने विचार गर्नुभयो । उहाँ त्यस ठाउँमा पुग नपुग ६ वर्षसम्म रहनुभयो । त्यस ताका उहाँले क्लेश नाश गर्न शरीरलाई असाध्य कष्ट दिनुभयो ।

बोधिसत्त्व अप्राणक ध्यानमा बस्नुभयो । उहाँले मुख र नाकद्वारा गरिने श्वास प्रश्वासको क्रिया छाड्नुभयो । त्यसपछि कानद्वारा वायु बाहिर जान थाल्यो । त्यस बेला उहाँको शिरमा ठूलो वेदना भयो तर उहाँको चित्त भने कमजोर भएन । यसरी उत्पन्न सबै वेदनालाई दृढ चित्तद्वारा उहाँले शान्त पार्नुभयो र स्वास लिन नै रोक्नुभयो । यस प्रकार बोधिसत्त्वले शरीरलाई कष्ट दिई ध्यानमा एकचित्त गरेर खान-पिनसमेत छाड्नुभयो । उहाँका दुइटै आँखा इनारजस्तै गहिरा भए । शरीरका मासु र रगत सुके । शरीरमा हाड र छालामात्र बाँकी रहे । आखिरमा शरीरलाई नै थाम्न नसक्ने गरी क्लान्त भएर उहाँ ढल्नुभयो ।

यो देखेर एक देवपुरूषले सिद्धार्थ कुमार बोधिसत्त्व परलोक हुनुभयो भनी ठानेर उनले यो खबर शुद्धोदन राजालाई सुनाउन पुगे तर शुद्धोदन राजाले आफ्नो छोराको प्राण बुद्ध नभईकन त्याग हुने नै छैन भन्ने विश्वासका साथ उनको कुरालाई पत्याएनन् ।

बोधिसत्त्वले यस प्रकार शरीरलाई पीडा दिई ध्यान गरिरहेको बेला कोण्डञ्ञ, भद्दिय, वप्प, महानाम र अस्सजि पाँचै जना तपस्वीहरूले बोधिसत्त्वलाई गुरू मानेर उहाँलाई आवश्यक सेवा पुऱ्याइरहेका थिए ।



Pariyatti Book 2.pmd 4 3/28/2012, 9:51 AM

# मध्यम प्रतिपदा

यसरी शरीरलाई अनेक पीडा दिएर पनि ज्ञान प्राप्त नभए पछि उहाँलाई आफ्नो बाल्यकालको ध्यानको सम्झना भयो । धान रोप्ने मङ्गलोत्सवको दिनमा आनापानस्मृति ध्यान गर्दा सिद्धार्थले प्रथम चरणसम्म अभ्यास गरेका थिए । अहिले त्यसै मार्गअनुसार चल्न शरीर पहिलेजस्तै हुनुपर्ने भएकाले त्यसको निम्ति आवश्यक आहार सेवनका लागि उहाँले नजिकको गाउँमा भिक्षाचरण जान थाल्नुभयो । यसरी बोधिसत्त्वद्वारा मध्यम मार्ग अपनाइयो, तर पञ्चवर्गीय तपस्वीहरूले भने बोधिसत्त्वको यस मध्यम मार्गलाई बुझ्न सकेका थिएनन् ।

बोधिसत्त्व तपस्वीको तप भङ्ग भयो । उनले अब कुनै पनि ज्ञान प्राप्त गर्न सक्दैनन् भनी बिचार गरेर उनीहरू बोधिसत्त्वलाई एक्लो छाडेर अन्तै लागे । त्यसपछि बोधिसत्त्व सेनानी गाउँमा गए । सेनानी गाउँमा बोधिसत्त्वले बैशाख शुक्ल चतुर्दशीको मध्यरातको तृतीय प्रहरमा यसरी स्वप्न देख्नुभयो, सपनामा –



१. हिमाललाई शिरान गरी, पूर्व र पश्चिम दिशातर्फ दुवै हात फैलाई दक्षिण दिशामा खुट्टा तेर्स्याई पृथ्वीमा आरामसित आफू सुतिरहेको थियो ।



Pariyatti Book 2.pmd 5 3/28/2012, 9:51 AM









२. आफ्नो नाइटोबाट कुश उम्रेका र ती आँखाले नभेटिने गरी माथि आकाशतिर हुर्कीबढिरहेको थियो ।

३. आफ्ना दुवै पाइतलामा काला र सेता कमिला र अन्य कीराहरू उत्पन्न भई माथि घुँडासम्म ढाकिनेगरी ओइलीरहेका थिए ।

४. विभिन्न रङ्गका चार चराहरू आफ्नो पाइला नजिकसम्म उडेर आइपुग्नेबित्तिकै एकै पल्ट एउटै रङ्गका भए ।

५. अशुचि भएको पर्वतमाथि रहँदासमेत त्यसको लेश मात्र पनि आफ्नो पाइलामा लागेको थिएन ।

बोधिसत्त्वले भोलिपल्ट बिहान यस स्वप्नको फलबारे विचार गरी हेर्नुभयो । आफूले अहिलेसम्म गरिआएको ठूलो वीर्य र अधिस्थानद्वारा आफूले खोजिरहेको विमुक्तिमार्ग चाँडै नै देख्न सकिनेछ भनी उहाँले थाहापाउनुभयो ।



## सुजाताको दान

सेनानी गाउँमा सुजाता भन्ने एक महिला थिइन् । त्यसबेला मानिसहरूले अनेक प्रकारले धार्मिक विश्वास धारण गरेका थिए । सुजाताले आफ्नो धार्मिक विश्वासअनुसार त्यस गाउँमा रहेको अजपाल बरवृक्षमुनि गई एउटा भाकल गरेकी थिइन् । "योग्य कुलमा प्रवेश पाई सर्वप्रथम पुत्ररत्न जन्म भएमा त्यस रूखमा बस्ने देवतालाई धूमधामसित पूजा गर्छु ।" संयोगबश सुजाताको प्रथम बच्चा पुत्ररत्न नै भयो । त्यसकारण उनी अत्यन्त खुशी भइन् ।

उनीले वैशाखपूर्णिमाको बिहान पूजा गर्ने विचार गरिन् र पूजा गर्न जानुभन्दा पहिले पुण्णा भन्ने दासीलाई त्यस अजपाल बरबृक्षमुनि सफा गर्न पठाइन् । त्यसबेला बोधिसत्त्व त्यस वृक्षमुनि बसिरहनुभएको थियो । पुण्णाले कहिल्यै नदेखेको अनुपम दृश्य देखेर रूखमुनि बसिराखेका उहाँलाई नै वृक्षदेवता भनी विचार गरिन् । पुण्णालाई रूखमुनि बसिरहनुभएको उहाँ बोधिसत्त्व हुनुहुन्थ्यो भन्ने कुरा थाहा थिएन । त्यस बेला बोधिसत्त्व भिक्षाचरण गर्न भनी सेनानी गाउँमा पुग्नुभएको थियो तर समय भइ नसकेकोले त्यस अजपाल वृक्षमुनि आराम गरिरहनुभएको थियो ।



Pariyatti Book 2.pmd 7 3/28/2012, 9:51 AM

पुण्णा दासीले दगुर्दै गएर सुजातालाई भनिन् - "देवी, आज तपाईंको पूजा स्वीकार्न स्वयम् वृक्षदेवता असाध्यै सुन्दर रूप धारण गरी बसिराख्नुभएको छ ।"

यो कुरा सुनेपछि सुजाता अत्यन्त हर्षित भइन् । अनि सुजाताले त्यस बेलाको धार्मिक विश्वासअनुसार वृक्षदेवतालाई बलि पूजागर्ने ठाउँमा मान्छेको रूपमा प्रकट हुनुभएको देवतालाई शुद्ध रूपमा क्षीरदान गर्ने विचार गरिन् । दासीलाई सुनको पात्रभरि क्षीर समात्न लगाई उनी अजपाल बरवृक्षमुनि पुगिन् । रूखमुनि पहेंलो वस्त्र लगाई बस्नुभएको बोधिसत्त्व "देवता नै हुन्" भनी सुजाताले विचार गरिन् । उनको मन असाध्य हर्षित भयो । उनीले आफूले ल्याएको सबै क्षीर बोधिसत्त्वलाई दान गरिन् । फेरि पूर्ण श्रद्धाका साथ उनीले भनिन् - "जसरी मेरो इच्छा पूर्ण भयो, त्यसरी नै यहाँको इच्छा पनि पूर्ण होस्"

सुजाताको क्षीर दान लिइसकेपछि वहाँ नेरञ्जना नदीकिनारमा जानुभयो । क्षीरपात्र नदीको किनारको रूखको छाँयामा राखी नदीमा स्नान गर्नुभयो । नदीबाट माथि आउनुभई क्षीरलाई उनन्चास गाँसमा विभाजित गरी खानुभयो । भोजन सकिएपछि





Pariyatti Book 2.pmd 8 3/28/2012, 9:51 AM

उहाँले सुनको त्यो पात्र "आज म बुद्ध हुने अवश्य नै हो भने यो पात्र उल्टो भई बगेर जाओस् ।" भनी त्यस नेरञ्जना नदीमा फ्याँक्नुभयो । साँच्चै त्यो पात्र नदीसित बग्नुको साटो माथितिर बग्यो । यो देखेपछि निश्चय नै बुद्धत्व प्राप्त गर्न सकिन्छ भनी बोधिसत्त्वले बुझ्नुभयो ।

## बोधिवृक्षमुनि बोधिसत्व

त्यसपछि बोधिसत्त्व नजिकैको जंगलभित्र पस्नुभयो । साँझपख जंगलबाट बाहिर आउँदाखेरि बाटोमा उहाँको घाँसी सोत्थिय ब्राह्मणसँग भेट भयो । सोत्थियले आफूले लिइराखेको आठ मुट्ठी कुश बोधिसत्त्वलाई दान दिए । बोधिसत्त्वले लिनुभयो र त्यसलाई एउटा रूखमुनि बिछ्याएर त्यसैमाथि आफू बस्नुभयो र बुद्ध नभईकन यस आसनबाट उठ्तै उठ्दिनँ भनी उहाँले अधिस्थान पनि गर्नुभयो ।

## बुद्धत्व प्राप्ति

बोधिसत्त्वले साधनामा तल्लीन भई चित्तलाई परिशुद्ध पार्नुभयो । यस अवस्थामा मारगणले, "सिद्धार्थ हाम्रो बन्धनबाट बाहिर जाँदैछ" भनी बोधिसत्त्वलाई अनेक रूपबाट दुःख दिन आए तर त्यसबेला उहाँले दशपारमिताको स्मरण गर्नुभयो ।





**दानं सीलं च नेक्खम्मं, पञ्ञा वीरियेन पञ्चमं ।**
**खन्तिसच्च-मधिट्ठानं, मेत्तुपेक्खातिमा दसा'ति ॥**

**अर्थात्** – १. दान, २. शील, ३. नैष्क्रम्य, ४. प्रज्ञा, ५ वीर्य, ६ क्षान्ति, ७ सत्य, ८. अधिष्ठान, ९. मैत्री, १०. उपेक्षा । यी दशवटालाई दश पारमिता भनिन्छ ।

मारले बज्राशनमा बसिरहनुभएको बोधिसत्त्वलाई कराउँदै भने, "बोधिसत्त्व, तिमी बसिरहेको त्यो ठाउँ मेरो हो, त्यहाँ नबस, उठेर जाऊ ।" त्यसपछि बोधिसत्त्वले भन्नुभयो, " यो बज्राशनको ठाउँ बोधिसत्त्वको हो । यस आसनको निम्ति मैले दश पारमिता धर्म पूरा गरेको छु ।" यति भन्नेबित्तिकै मारले त्यसो भए "साक्षी खोई ?" भनी सोधे । बोधिसत्त्वले यो पृथ्वी नै साक्षी हो भनी दाहिने हातले पृथ्वीलाई स्पर्श गर्नुभयो । त्यसबखत पृथ्वी महाशब्दसहित काँप्यो । त्यस शब्दको कारणद्वारा सबै मारहरू भयभीत भई भागे । यसरी मारमाथि बोधिसत्त्वले विजय पाउनुभयो ।

त्यसपछि बोधिसत्त्व ध्यान गर्दागर्दै चतुर्थ-ध्यानसम्म पुग्नुभयो । मध्यरातको प्रथम याममा पूर्वजन्मबारे थाहा पाउन सक्ने ज्ञान पाउनुभयो । यसलाई **पुब्बेनिवासानुस्सति**



Pariyatti Book 2.pmd 10 3/28/2012, 9:51 AM

ज्ञान भनिन्छ । मध्यम याममा सबै सत्त्वहरूको उत्पत्ति र च्युति ज्ञान प्राप्त गर्नुभयो अर्थात् **च्युत्योत्पत्ति** ज्ञान प्राप्त गर्नुभयो ॥ सबभन्दा पछिको याममा पञ्चस्कन्ध, अनित्य, दु:ख, अनात्मबारे विचार गर्दागर्दै सबै क्लेश मिटाई **'आसवक्खय'** ज्ञान प्राप्त गर्नुभयो । चतुरार्यसत्य अवबोध भयो । यसरी उहाँ मध्यरातको अन्तिम प्रहरमा **सम्यक्सम्बुद्ध** हुनुभयो । उहाँले वज्रासनमा नै बसेर यो उदान वाक्य व्यक्त गर्नुभयो –

**अनेक जाति संसारं-सन्धाविस्सं अनिब्बिसं ।**
**गहकारकं गवेसन्तो-दुक्खा जाति पुनप्पुनं ॥**
**गहकारं दिट्ठोसि-पुन गेहं न काहसि ।**
**सब्बा ते फासुका भग्गा-गहकूटं विसंखितं ।**
**विसंखारगतं चित्तं-तण्हानं खयमज्झगा ॥**

**अर्थात्** – फेरि फेरि जन्मलिनु दु:ख भएको हुनाले मैले यो शरीररूपी घर बनाउनेलाई खोज्दाखोज्दै यो संसारमा बारम्बार जन्म लिइसकेँ । हे गृहकारक, अब मैले तिमीलाई देखिसकेँ, तिमीले फेरि घर बनाउन सक्नेछैनौ । तिम्रो घर बनाउने ज्यावल सबै भाँचिदिइसकेँ । घरको शिखरको आमूल रूपमा विनाश भइसक्यो । चित्त संस्काररहित भयो । तृष्णा क्षय भइसक्यो ।



Pariyatti Book 2.pmd 11 3/28/2012, 9:52 AM

# अभ्यास

## शब्दार्थ :-

| | | |
|---|---|---|
| अशुचि | - | फोहर |
| अमनुष्य | - | मानिस नभएको, भूत, प्रेत, नाग, यक्ष आदि |
| अप्राणक ध्यान | - | श्वासलाई रोकिराख्ने ध्यान |
| अनात्म | - | म, मेरो भन्ने नभएको स्वभाव । आफूले भने जस्तो नभएको स्वभाव |
| अधिस्थान | - | प्रतिज्ञा, दृढ र स्थिर चित्त |
| अनित्य | - | बदल्ने, फरकहुने, क्षयहुने, परिवर्तन हुने |
| आसवक्खय ञाण | - | आश्रव नाश गर्न सकिने ज्ञान |
| आनापानस्मृति ध्यान | - | श्वास भित्र्याउनु बाहिराउनुमा होश पुऱ्याउने ध्यान |
| आदर्श | - | नमूना |
| क्लान्त | - | शरीर गलेर जानु |
| क्लेश | - | मनमा भएको मैलो-राग द्वेष मोह |
| गृहकार | - | शरीररूपी घर बनाउने |
| चतुरार्यसत्य | - | चार उत्तम सत्य |
| चंक्रमण | - | ओहोर दोहोर गरी हिंड्ने, घुमफिर गर्ने ध्यान |
| च्युत्योत्पत्ति | - | प्राणीहरू मर्नु र जन्मलिनु |
| तप | - | ध्यान |
| तृष्णा | - | टाँसिरहनु, कामना, भोक, पिपासाको स्वभाव |
| निर्वाण | - | दुःखबाट मुक्त हुने |
| पञ्चस्कन्ध | - | रूप, वेदना, संज्ञा, सस्कार र विज्ञान भन्ने पाँच स्कन्ध |
| पूर्वोत्तर | - | पूर्व र उत्तर |
| वज्रासन | - | वज्र जस्तै दृढ भएको आसन |
| बोधिसत्व | - | बुद्ध हुने, बुद्ध हुने मार्गमा गएको व्यक्ति |
| भिक्षाचरण | - | भिक्षा दान लिन जाने |
| विमुक्ति मार्ग | - | निर्वाणको बाटो |
| सम्बोधि | - | बोधिज्ञान |
| स्कन्ध | - | समूह |
| शिखर | - | टुप्पा, चोटि |



Pariyatti Book 2.pmd 12 3/28/2012, 9:52 AM

## १. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् ।

क) बोधिसत्व सिद्धार्थ अनुप्रिया नामक ठाउँमा ...................... दिनसम्म बस्नु भयो ।

ख) बोधिसत्व सिद्धार्थले राजगृह नगरमा प्राप्त गर्नु भएको भोजन ...................... मा बसी खानुभयो ।

ग) बोधिसत्व सिद्धार्थले बुद्ध हुनु अघि ...................... प्रकारका सपना देख्नु भयो ।

घ) बोधिसत्वले मध्यरातको ................ याममा च्युतोत्पत्ति ज्ञान प्राप्त गर्नु भएको थियो ।

ङ) सुजाताले सुनको पात्रमा ...................... राखी बोधिसत्वलाई दान गरे ।

## २. जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| प्रज्ञा | पूर्व जन्मबारे थाहा हुने ज्ञान |
| दुष्कर | फोहर |
| पुब्बेनिवासानुस्सति ज्ञान | ज्ञान |
| अशुची | क्लेश सबैबाट मुक्त भएको ज्ञान |
| आस्रवक्षय ज्ञान | अत्यन्त कठोर |

## ३. तलका शब्द राखी बाक्य बनाउनुहोस् ।

क) भिक्षाटन ख) गृहत्याग ग) तपस्वी घ) क्षीर ङ) मार

## ४. सही उत्तरमा ठीक (✓) चिन्ह लगाउनुहोस् ।

क) राजकुमार सिद्धार्थ कुन दिन प्रव्रजित हुनु भएको हो ?
i) वैशाख पूर्णिमा ii) जेठ पूर्णिमा iii) आषाढ पूर्णिमा

ख) बोधिसत्व सिद्धार्थले सबभन्दा पहिला कुन ऋषिको संगत गर्नुभयो ?
i) आलारकालाम ii) भग्गव iii) उद्दकरामपुत्र

ग) बोधिसत्वले सुजाताद्वारा दान गरिएको खीर कति गांसमा विभाजन गरी खानु भयो ?
i) ४४ ii) ४९ iii) ५९

घ) बोधिसत्वले रातको कुन याममा आसवक्खय ज्ञान प्राप्त गर्नु भयो ?
i) प्रथम ii) मध्यम iii) अन्तिम

ङ) बोधिसत्वले कुन जंगलमा दुष्कर चर्या गर्नु भयो ?
i) अनुप्रिय ii) नैरञ्जना iii) उरूवेल

च) सिद्धार्थ बोधिसत्वले के खोज्ने विचारले दुष्कर चर्या गरे ?
i) निर्वाण ii) स्वर्ग iii) निर्माण



Pariyatti Book 2.pmd 13 3/28/2012, 9:52 AM

छ) सुजाताकी दासीको नाम के थियो ?

i) पुण्णा ii) पूर्ण iii) अपुण्णा

**५. तलका भनाई कसले कसलाई भनेको हो, लेख्नुहोस् ।**

क) "देवी आज तपाईको पूजा स्वीकार्न स्वयम् वृक्षदेवता असाध्यै सुन्दर रूप धारण गरी बसी राख्नु भएको छ ।"

ख) "राजकुमार तपाई मेरो राज्यको आधा भाग लिनुहोस् ।"

ग) "जसरी मेरो इच्छा पूर्ण भयो, त्यसरी यहाँको इच्छा पनि पूर्ण होस् ।"

घ) "बोधिसत्व, तिमी बसीरहेको त्यो ठाउँ मेरो हो, त्यहाँ नबस, उठेर जाउ ।"

ङ) "म जान्न । म पनि हजुरसितै प्रवजित हुनेछु ।"

**६. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) सिद्धार्थ कुमार कसरी प्रव्रजित हुनुभयो ?

ख) राजगृहमा नगरमा पहिलो चोटि बोधिसत्व भिक्षाटन जाँदा देश भरमा वहाँको चर्चा भयो । किन ?

ग) बिम्बिसार राजाले बोधिसत्वको वास्तविक परिचय कसरी पाए ?

घ) बोधिसत्वले भग्गव तपस्वीको आश्रम किन छोडे ?

ङ) बोधिसत्वले संगत गनुभएका ऋषिहरू र प्राप्त गर्नुभएका ज्ञानहरू कुन कनु हुन्, उल्लेख गर्नुहोस् ।

च) अप्राणक ध्यान भनेको कस्तो ध्यान हो ?

छ) सिद्धार्थ बोधिसत्वले कहाँ, कति वर्ष, के विचारका साथ दुष्कर चर्या गरे ?

ज) बोधिसत्वले बैशाख शुक्ल चतुर्दशीको मध्यरातको तृतीय प्रहरमा देख्नु भएको स्वप्नको बारे उल्लेख गर्नुहोस् ।

झ) बोधिसत्वले दुष्कर चर्या गर्दा उनलाई सेवा गरिरहेका पाँच तपस्वीहरूको नाम के के हुन् ? क्रमबद्ध रूपमा लेख्नुहोस् ।

ञ) सुजाताले बैशाख पूर्णिमाको दिन आजपाल वरवृक्षमुनि ठूलो पूजा गर्ने विचार गरिन् । किन ?

ट) सोत्थिय घाँसीले दान दिएको घाँस बोधिसत्वले के गर्नुभयो ? र के सोच्नु भयो ?

ठ) "आसवक्खय ज्ञान" भनेको कस्तो ज्ञात हो ?

ड) "सम्यकसम्बुद्ध" भनेको के हो ?

ढ) दश पारमिता धर्म भनेका के के हुन्, क्रमबद्ध रूपमा उल्लेख गर्नुहोस् ।

ण) बोधिसत्वले मारलाई कसरी जित्नु भयो ?



Pariyatti Book 2.pmd 14 3/28/2012, 9:52 AM

# धर्म

भगवान बुद्धले दिनुभएको उपदेश ज्ञानलाई धर्म भनिन्छ । भगवान बुद्धका मुख्य उपदेशहरू कुन कुन हुन् ? उहाँका उपदेशहरूलाई चार आर्य सत्य भनिन्छ । ती हुन् :



१) दु:ख आर्य सत्य । (दु:ख छ, यो दु:ख हो)
२) दु:ख समुदय आर्य सत्य (दु:ख हुनुको कारण) ।
३) दु:ख निरोध आर्य सत्य ( दु:खबाट छुट्ने उपाय) ।
४) दु:ख निरोध गामिणी पटिपदा आर्य सत्य (दु:खबाट मुक्त हुने मार्ग) ।

हामी बिरामी पर्दा चिकित्सककहाँ जँचाउन जान्छौं । असल चिकित्सकले पहिला हाम्रो रोग राम्ररी जाँच्नुहुन्छ । उक्त रोग हुनुको कारण पत्ता लगाउनुहुन्छ । रोगको कारण जानेपछि सही उपचार पत्ता लगाउनुहुन्छ । यसपछि मात्रै उहाँले निको हुने औषधी दिई हामीलाई निको तुल्याउनुहुन्छ वा हामीलाई स्वस्थ बनाइदिनुहुन्छ ।

त्यसरी नै भगवान बुद्धले पनि हामी सबैलाई दु:ख (समस्या) छ भनी देखाउनुभयो । अनि उहाँले त्यसको कारण पत्ता लगाई त्यसको व्याख्या गर्नुभयो । साथै दु:खबारे थाहा भएपछि यसको उपचार गर्ने उपाय सिकाउनुभयो । त्यसपछि मात्रै भगवान बुद्धले पनि दु:खबाट मुक्त हुने ज्ञानको उपदेश दिनुभयो । यसलाई नै चार आर्य सत्य धर्म भनिन्छ ।

तल दिइएको तालिकाअनुसार राम्रा चिकित्सक र भगवान बुद्धबीचको समानता बुझ्न सकिन्छ ।

**तालिका नं १**

| कुशल चिकित्सक भन्नुहुन्छ: | सत्य ज्ञानबारे भगवान बुद्ध भन्नुहुन्छ: |
|---|---|
| हाम्रो मुख्य समस्या के हो ? | दु:ख र समस्या छ । |
| हामीलाई लागेको रोगको कारण के हो ? | दु:खको कारण छ । |
| उपचार गरी निको पार्न सकिन्छ । | दु:खको अन्त गर्न सकिन्छ । |
| रोगको निवारण के हो ? | दुख:को निवारण |




Pariyatti Book 2.pmd 15 3/28/2012, 9:52 AM

# संघ



पूर्णरूपमा निको हुन अब हामीले के गर्नुपर्छ ? दुःखको अन्त गर्ने उपाय ।

भगवान् बुद्धको शिक्षा (उपदेश) लाई जीवनमा लागू गर्न भनी आफ्नो घर-परिवार त्याग गरेका प्रव्रजितहरूलाई बौद्ध भिक्षु भिक्षुणी[१] भनिन्छ । उहाँहरू पहेँलो चीवर वस्त्र लगाउनुहुन्छ । केश खौरेर र भिक्षापात्र लिई बिहारको सादा जीवन बिताउनुहुन्छ । उहाँहरू दुःखबाट मुक्त हुन सरल र शुद्ध जीवन शैलीमा रही ज्ञान प्राप्त गर्न सदैव प्रयासरत रहनुहुन्छ ।



## केश खौरिनु

सबै मानिसहरू सुन्दर कपाल भएको मन पराउँछन् । त्यसका लागि धेरै पैसा र समय खर्च गर्छन् । तर बौद्ध भिक्षु भिक्षुणीहरू आफ्नो कपाल खौरनुहुन्छ । उहाँहरू आफ्नो शरीरलाई सुन्दर बनाउनुमा भन्दा भित्री ज्ञानको खोजीमा ध्यान दिनुहुन्छ । उहाँहरू कपाललाई हेरविचार गर्ने समयलाई ध्यान भावनाको अभ्यास, बुद्धपूजा र परित्राण पाठ गर्नेजस्ता महत्वपूर्ण काममा लगाउनुहुन्छ ।

[१]हाल प्रव्रजित महिलाहरूलाई अनागारिका भनिन्छ ।



Pariyatti Book 2.pmd 16 3/28/2012, 9:52 AM

## भिक्षा पात्र



भिक्षु भिक्षुणीहरूलाई भोजन जलपान दान दिनु पनि धर्मको अभ्यास हो । कहिलेकाहीँ हामी भिक्षुभिक्षुणीहरूलाई बिहान सबेरै भिक्षाटनका लागि विभिन्न गाउँ सहरमा भिक्षापात्र लिएर आउनुभएको देख्न सक्छौं । उहाँहरू घरैपिच्छे भिक्षाटन जानुहुन्छ । श्रद्धालु उपासक उपासिकाहरूले पनि आफ्नो क्षमता र श्रद्धाअनुसार खानेकुरा दान गर्छन् ।

भिक्षु भिक्षुणीहरू आफ्नो खाना यस्तै हुनुपर्छ भनी ठान्नुहुन्न । श्रद्धाले दान गरिएको कुरामा सन्तुष्ट रहनुहुन्छ । यस्तो अभ्यासले उहाँहरूलाई लोभबाट मुक्त हुन सहयोग पुर्‍याउँछ । यसले गर्दा गृहस्थहरू पनि दान धर्मको अभ्यास गर्न उद्यत हुन्छन् । कुनै कुनै देशमा भिक्षाटनका लागि भिक्षु भिक्षुणीहरू बाहिर जाँदैनन् । उपासक उपासिकाहरू नै विहारमा आएर भिक्षु भिक्षुणीहरूलाई भोजन जलपान दान गर्दछन् ।

## चीवर वस्त्र



उहिले उहिले भिक्षु भिक्षुणीहरूसँग तीन जोर चीवर मात्र हुन्थ्यो । बौद्धहरू धेरै ठाउँमा फैलिंदै गएपछि भिक्षु भिक्षुणीहरू चीन र जापानजस्ता चीसो हावापानी भएका ठाउँमा पनि भए । त्यस्ता ठाउँमा त्यहाँको हावापानीअनुसार जाडोबाट जोगिन उहाँहरूले अरू बाक्लो लुगा लाउने गर्नुभयो । उहाँहरूको सुती धागोका चीवर साधारण खालको हुने गर्छ ।



Pariyatti Book 2.pmd 17 3/28/2012, 9:52 AM

चीवरको रङ्ग देश र त्यहाँको संघ परम्पराअनुसार फरक फरक हुन्छन् । श्रीलंका र थाइल्याण्डमा कासाय रंगको चीवर लगाइन्छ । त्यस्तै जापानमा कालो चीवर लगाइन्छ । चीन र कोरियामा भने खैरो र खरानी रङ्गको चीवर लगाइन्छ । त्यस्तै तिब्बतमा गाढा रातो रङ्गको चीवर लगाइन्छ ।

भिक्षु भिक्षुणीहरूका लागि चीवर र भिक्षापात्रको ठूलो महत्व छ । भगवान् बुद्ध भन्नुहुन्छ - "जसरी चराहरू जहाँ उडेर गएपनि आफ्ना पखेटा सहित उड्छन्, त्यसरीनै भिक्षु भिक्षुणीहरू जहाँ गएपनि चीवर लाएर र पात्रसहित लाग्छन् । भिक्षु-भिक्षुणीहरू आफ्नो शरीरलाई ढाक्न चीवरमा र आहारका लागि पात्रमा सन्तुष्ट रहन्छन् ।"

## विहार

विहारमा भिक्षु र भिक्षुणीहरू दैनिक कामकाज र धर्मको अभ्यासमा अनुशासित भएर लाग्नुहुन्छ । सुर्योदयभन्दा पहिले नै उठेर उहाँहरू आफ्नो मुख धोइसकेपछि सरसफाई, बुद्धपुजा र ध्यान भावना गर्नुहुन्छ ।





Pariyatti Book 2.pmd 18 3/28/2012, 9:52 AM

संघ सदस्यहरूले धेरै जिम्मेवारीहरू बोकेका हुन्छन् । उहाँहरू सादा जीवन र उच्च विचार लिएर काम गर्नुहुन्छ । उहाँहरू मेहेनतका साथ काम गर्नुहुन्छ र आफूले गरेको काममा खुसी रहनुहुन्छ । दिउँसोको समयमा उहाँहरू अरूलाई धर्मका कुराहरू सिकाउनुहुन्छ । उहाँहरू बौद्ध किताबहरू लेख्नुहुन्छ र बुद्धका मूर्ति तथा चित्रहरू पनि बनाउनुहुन्छ । उहाँहरू विहार र बगैंचाको संरक्षण गर्नुहुन्छ । उहाँहरू बुद्धजयन्तीजस्ता उत्सवहरूका लागि तयारी गर्नुहुन्छ । उहाँहरू गृहस्थहरूलाई आवश्यक सुझावहरू दिनुहुन्छ । त्यस्तै विभिन्न सामाजिक संस्थाहरूका लागि सल्लाह सहयोग दिनुहुन्छ तथा वृद्ध र बिरामीहरूको हेरविचार गर्नुहुन्छ ।

त्यस्तै साँझपख पनि परित्राण पाठ, बुद्धपूजा र ध्यान भावनामा लाग्नुहुन्छ । भिक्षुहरू उपदेश दिने गर्नुहुन्छ । साँझको खाना खाने गर्नुहुन्न र त्यस समयलाई अध्ययन र ध्यान अभ्यासमा लगाउनुहुन्छ ।

धाडिङका कर्ण तामाङ्ग हाल नयाँ बानेश्वर मीनभवनस्थित विश्व शान्ति विहारमा श्रामणेर भएर बस्नुभएको छ । उहाँ १२ वर्षको हुनुहुन्छ । उहाँले भिक्षु जीवनका लागि तालिम लिइरहनुभएको छ । उहाँ आफ्नो दिनचर्या यसरी बताउनुहुन्छ -

"मेरो नाम पञ्ञासामी हो । पहिले अर्कै नाम थियो, भन्ते भएपछि पञ्ञासामी नाम राखिएको हो । सुरु सुरुमा बिहान सबेरै उठ्न धेरै गाह्रो हुन्थ्यो । त्यस्तै ध्यान गर्न पनि साह्रै गाह्रो हुन्थ्यो । तर अहिले बानी परिसकेको छ । म पहिलेभन्दा स्वस्थ र खुसी छु । म यसै विहारभित्रको स्कुलमा पढ्छु । हामी अरू स्कुलहरूमा जस्तै सबै विषयहरूको पनि अध्ययन गर्छौं । दिउँसो धर्मका कक्षाहरू हुन्छन् । मलाई श्रामणेर भनेर बोलाउछँन्, २० वर्ष पुगेपछि मात्र हामीलाई भिक्षु बनाइन्छ । यहाँ मेरा धेरै श्रामणेर साथीहरू हुनुहुन्छ । उनीहरूलाई देखेर नै मलाई पनि भन्ते बन्न मन लागेको हो ।"

तपाँइहरू रमाइलो पनि गर्नुहुन्छ कि भनेर सोधिएको प्रश्नमा उहाँले यसो भन्नुभयो, "हामी पनि रमाइलो गर्छौं । हामी राम्रा मित्रहरू हौं र हामी धर्ममै रमाउँछौं । परित्राण पाठ र अहं-अवेरो-होमी (मैत्री भावना)को पाठ गर्दा निकै आनन्द लाग्छ ।"

तपाई कहिले-कहिले घर जानुहुन्छ ? भनी प्रश्न गर्दा उहाँले यसरी जवाफ दिनुभयो, "जाँच सकिएपछि वर्षको एक पटक घर जाने गर्छौं । कहिलेकाहिँ



Pariyatti Book 2.pmd 19 3/28/2012, 9:52 AM

आफन्तहरू नै विहारमा आएर भेट्न आउनुहुन्छ । अहिले त सबै जना आफ्नै परिवारजस्तै भएका छन् ।"

हुरिबतास आएको बेला यात्रुहरू त्यसबाट जोगिन बासको खोजी गर्छन् । बसोबासको व्यवस्था भएपछि उनीहरू खुसी र सुरक्षित भएको अनुभव गर्छन् । उनीहरू अरूहरूलाई पनि बोलाउँछन्, "आउनुस् ! आउनुस् ! यस घरको आश्रय लिनुहोस् । हामी सबै सुरक्षित हुनेछौं, यहाँ सुरक्षा छ !" मानिसहरूले जीवनमा समस्या बेहोर्नु पर्दा तिनीहरू शरणको खोजी गर्छन् । तिनीहरूमध्ये धेरैले बुद्ध (ज्ञानका प्रतीक), धर्म (बुद्धको शिक्षा) र संघ (भिक्षुहरू र भिक्षुणीहरू)को शरण ग्रहण गर्दछन् । यी तीनै वटालाई एकै शब्दमा त्रिरत्न भनेर भनिन्छ, किनभने यिनको गुण हीरा, मोति र रत्नजस्तै मूल्यवान् छ ।

त्रिरत्नको महत्वलाई राम्ररी बुझेर यसले नै हाम्रो जीवनलाई सुख र ज्ञानको मार्गमा लान्छ भन्ने कुरामा विश्वस्त भएपछि हामी त्रिरत्नको शरणमा जान्छौं ।

उदाहरणका निम्ति एक जना यात्रुलाई लिऊँ – आफू कहिल्यै नपुगेको धेरै टाढाको शहरमा यात्रा गर्न चाहने यात्रुलाई कसो भयो भने सजिलो हुन्छ ? आफू पुग्नुपर्ने गन्तव्यसम्म पुग्न बाटो देखाइदिने एक जना मानिस भयो भने सजिलो हुँदैन र ? त्यस यात्रामा अरू साथीहरूको समेत साथ पाए त झनै सजिलो हुनेछ । एक जना यात्रुले टाढाको शहरमा पुग्नको लागि गरेको प्रयास मानिसबाट सुख र निर्वाण प्राप्तिका लागि गरिने प्रयास उस्तै-उस्तै छैन र ? त्यस यात्रामा त्रिरत्नमध्येका बुद्ध बाटो देखाइदिने मानिसजस्तै हो, धर्म बाटो हो अनि संघचाहिँ साथीहरू हुन् ।






Pariyatti Book 2.pmd 20 3/28/2012, 9:52 AM

# त्रिशरण गमन

## बुद्धको शरणमा जानु



निर्वाणको बाटोमा हिँडिरहेका सबै मानिसहरूका लागि बुद्ध बाटो देखाइदिनुहुने उत्कृष्ट पथप्रदर्शक हो । त्यसैले हामीहरू बुद्धको शरणमा जान्छौं । बुद्धले सत्वप्राणीहरूका लागि के राम्रो हो र के नराम्रो हो भन्ने कुरा राम्ररी जान्नुभएको छ । त्यसैले दुःखबाट मुक्त रहेको निर्वाणको बाटो देखाउनुहुँदै उहाँले आफ्ना सबै शिष्यहरूलई त्रिशरणमा जान लगाउनुभयो ।

## धर्मको शरणमा जानु


मानिसहरूका लागि धर्मको शरणमा जानु भनेको निर्वाणमा पुऱ्याउने सोझो बाटो समात्नु हो । धर्म बाटोमा दिशा पत्ता लाउन सघाउने साइनबोर्ड, खोला तर्नका लागि चाहिने पुल, ठाडा र उँचा पहाड चढ्नका लागि चाहिने खुड्किलाहरू हुन् । त्यसरी नै धर्मको सही बाटो लाग्नाले त्यस बाटोमा हिंड्नेहरूले नराम्रो काम गर्नबाट जोगिने र आइपरेका समस्यालाई समाधान गर्न प्रोत्साहित हुने औसर पाउँछन् । साथै धर्मले अज्ञानरूपी अन्धकारलाई हटाएर ज्ञानको मार्ग पत्ता लगाउन मार्गदर्शन गर्दछ ।

## संघको शरण जानु

संघको शरणमा जानु भनेको यात्रुहरूले यात्रामा साथीहरूको साथ पाउनुजस्तै हो । बिरामी पर्दा एकआपसमा हेरविचार गर्नेहरू छन् भने निराश भएको बेला बिरामीलाई हौसला पाइने हुन्छ । संघ भनेको यात्रामा साथ रहेका असल साथीहरूजस्तै हुन् । उहाँहरूले हामीहरूका नराम्रा विचार र सोच हटाउन-फाल्न सही सल्लाह र उचित मार्गनिर्देशन दिन्छन् । साथै संघले हामीलाई दुःखबाट मुक्त निर्वाण प्राप्तिका लागि दृढताका साथ लागिरहन प्रेरणा र हौसला दिइरहन्छ ।

# त्रिशरण गमनका लागि

त्रिशरण गमनका लागि विशेष प्रकारको चलन रहेको छ । भिक्षु वा भिक्षुणीले निम्न कुराहरू भन्दछन् अनि उपासक उपासिकाहरूले उहाँहरूले जस्तै तीन पटक भन्नु पर्नेहुन्छ–



**म बुद्धको शरणमा जान्छु ।**

**म धर्मको शरणमा जान्छु ।**

**म संघको शरणमा जान्छु ।**

हामी विद्यार्थीका रूपमा स्कूलमा भर्ना भएपछि हामीहरूले केही नियमहरू पालन गर्नुपर्ने हुन्छ । त्यसै गरी समाजमा रहेका सबै मानिसहरूले पाँच प्रकारका शीलहरू पालन गर्नु आवश्यक हुन्छ ।

ती शीलहरू यस प्रकार छन् ।

१. प्राणीहरूको हिंसा गर्दैनौं ।
२. अरूको सामानहरू चोर्दैनौं ।
३. यौन दुर्व्यवहार गर्दैनौं ।
४. झूठ कुरा गर्दैनौं ।
५. जाँड, रक्सी आदि नसालु पदार्थको सेवन गर्दैनौं ।



Pariyatti Book 2.pmd 22 3/28/2012, 9:52 AM

# अभ्यास

## धर्म/संघ

### तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क) धर्म भनेको के हो ? चार आर्य सत्य भनेका के के हुन् ?
ख) बौद्ध भिक्षु/भिक्षुणी भनेर कसलाई भनिन्छ ? वहाँहरूको जीवनशैली बारेमा लेख्नुहोस् ।
ग) "बौद्ध भिक्षु/भिक्षुणीहरू श्रद्धाले दान गरिएका कुरामा सन्तुष्ट हुन्छन् ।" यस भनाइलाई प्रष्ट पार्नुहोस् ।
घ) भिक्षु/भिक्षुणीहरूको चीवर र पात्रको महत्वको बारेमा लेख्नुहोस् ।
ङ) भिक्षु/भिक्षुणीहरूको दिन चर्या कस्तो हुन्छ ? स्पष्ट पार्नुहोस् ।
च) के प्रव्रजित भइ सकेपछि भिक्षु भएको व्यक्ति आफ्नो घरमा जान र बस्न पाइदैन र ?
छ) त्रिरत्न भनेको के हो ? यसको महत्व उदाहरण सहित प्रष्ट पार्नुहोस् ।

## त्रिशरण गमन

### तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क) त्रिशरण भनेको के हो ? त्रिशरण गमन कसरी गरिन्छ ?
ख) संघको शरणमा जानाले हामीलाई के फाइदा हुन्छ ?
ग) हामी बुद्ध र धर्मको शरणमा किन जानु पर्छ ?

### खाली ठाउँ भर्नुहोस् ।

क) त्रिशरण भनेको बुद्ध, धर्म र ...................... को शरणमा जानु हो ।
ख) संघ भनेको ...................... हरू हुन् ।
ग) दुःखबाट मुक्त भएको अवस्था ...................... हो ।
घ) धर्म भनेको बुद्धका ...................... हरू हुन् ।
ङ) सबै मानिसहरूका निम्ति बुद्ध बाटो देखाइदिनु हुने उत्कृष्ट ...................... हो ।

**'कुशल डाक्टर को कार्य' र 'सत्य ज्ञानबारे भगवान बुद्धले भन्नु भएका कुरा' लाई तालिकाद्वारा लेख्नुहोस् ।**

# पञ्चशील

## पहिलो शील - प्राणी हिंसा गर्दैनौं

भगवान बुद्ध भन्नुहुन्छ "सबैलाई आफ्नो ज्यानको माया हुन्छ ।" सबै प्राणीहरू बाँच्न चाहन्छन्, मर्न कोही पनि चाहँदैनन् । त्यसैले हामीहरूले जीवनको सम्मान गर्नुपर्छ र हिंसा गर्नु हुँदैन । यो शीलले मानिसहरूलाई मात्र मार्नु हुँदैन भनेको छैन सबै पशु-पन्छीहरू, कीटपतङ्गहरू कसैलाई पनि मार्नु हुँदैन, विशेषगरी पैसा कमाउन वा खेलको रूपमा त हिंसा गर्नै हुन्न । हामीले प्राणीहरूलाई माया दया राख्ने बानी बसाल्नुपर्छ । सँधै सबै प्राणीहरू सुखी र स्वतन्त्र होऊन् भन्ने कामना गर्नुपर्छ । त्यसरी नै पृथ्वी, नदी, जङ्गल र हावापानीको संरक्षण गर्ने कामसमेत यस शीलअन्तर्गत पर्दछन् ।

## दोस्रो शील - चोर्ने नगरौं

हाम्रा आफ्ना सामानहरूमा मात्रै हाम्रो अधिकार हुन्छ र हामी ती सामान आफूलाई मन लागेको मान्छेलाई दिन सक्छौं । तर हामीले अरूको सामान नसोधिकन लिने अर्थात् चोर्ने काम गर्नु हुँदैन । त्यसको सट्टामा हामीले आफ्नो कुरा अरूलाई दिने, सहयोग गर्ने र आफ्ना सामानहरूको राम्ररी हेरविचार पुऱ्याई कामगर्ने ढङ्ग सिक्नुपर्छ ।

यस शीलको पालन गर्नु भनेको अर्को शब्दमा आफू जिम्मेवार बन्नु हो । हामी हाम्रो काम र पढाइमा अल्छी र निष्क्रिय भयौं भने हामी स्वतः कामचोर हुनेछौं । त्यसलाई पनि एक किसिमले समय र कामको चोरी नै हो भनी लिनुपर्छ ।

दुःखी तथा चित्त दुखेका, मन भाँचिएकाहरूप्रति करूणा राखी उनीहरूलाई प्रेरणा दिने काम गरौं । केही थाहा नपाएका मानिसहरूलाई असल कुराहरू बताएर उपकार गर्दै उनीहरूको जीवन सफल पारिदिनु नै सबभन्दा राम्रो काम हो ।



Pariyatti Book 2.pmd 24 3/28/2012, 9:52 AM




## तेस्रो शील - यौन दुर्व्यवहार नगरौं

सम्मानित जीवन जिउन र सबैसँग राम्रो मैत्रीपूर्ण सम्बन्ध चाहने मानिसले कुनै पनि किसिमको दुर्व्यवहार गर्नु हुँदैन । गैरजिम्मेवारपूर्ण दुर्व्यवहारले गर्दा धेरै दुःख र समस्याहरू आइपर्छन् । त्यस्ता व्यवहारका कारणले गर्दा धेरैको परिवार बिग्रेका तथा अवोध बच्चाहरू पीडित हुन पुगेका घटनाहरू हाम्रो समाजमा पाइन्छन् । त्यसैले आफू र अरूलाई पनि सुखी बनाउनका लागि यौन सम्बन्धलाई स्वस्थ, सुरक्षित र राम्रो बनाउनुपर्छ ।

यस शीललाई राम्ररी पालन गर्नका लागि यौन इच्छाहरूमाथि नियन्त्रण गर्नुपर्छ र श्रीमान् श्रीमती दुवैले एक अर्काप्रति इमान्दार र विश्वासिलो हुनुपर्छ । यसले



Pariyatti Book 2.pmd 25 3/28/2012, 9:52 AM

परिवारमा शान्ति बनाइराख्न सहयोग हुन्छ । सुखी परिवारमा श्रीमान् र श्रीमती एक आपसमा सम्मान गर्दछन्, त्यस्तै विश्वास र प्रेम गर्दछन् । यस्तो सुखी परिवारहरूले गर्दा नै हाम्रो यस सुन्दर संसारलाई अझ बढी राम्रो बनाउँछ जहाँ हामी रमाएर खुसी हुन पाउँछौ ।

असल चरित्र बनाउनका लागि युवा तथा किशोर किशोरीहरूले आफ्नो मन र शरीरलाई शुद्ध राख्नुपर्छ । संसारलाई सुखद जीवन जिउने ठाउँको रूपमा विकसित गर्ने जिम्मेवारी युवाहरूकै हातमा छ ।

## चौथो शील - झूठो कुरा नगरौं

हामीहरूले एक अर्काको सम्मान गर्नुपर्छ र झूटो कुरा गर्ने, अनावश्यक गफ गर्ने गर्नुहुँदैन । झूटो कुरा नगर्नाले झैझगडा र असमझदारीजस्ता कुराहरू हुनै पाउँदैनन् र वातावरण अझ बढी शान्तिमय बन्न पुग्दछ । यो शील ग्रहण गर्नु भनेको हामीले सँधै सत्य बोल्छौं भनेको भनी बुझ्नुपर्छ । सत्य बोलेर प्राप्त हुने सुखको अनुभव गर्न सिकौं ।

## पाँचौ शील - नशालु पदार्थको सेवन नगरौ

यो शील आत्म सम्मानसित गाँसिएको छ । यसले आफ्नो शरीर, वचन र मनलाई आफ्नो नियन्त्रणभन्दा बाहिर जानबाट बचाउँछ । धेरै कुराहरू नसा लाग्ने खालका हुन्छन् । यसमा जाँड, रक्सी, लागुपदार्थ, धुम्रपान र अश्लील किताबहरू पर्दछन् । यस्ता कुराहरूको प्रयोग गर्नाले हामी र हाम्रो परिवारमाथि खराब असर पर्न जान्छ ।

कुनै एक समयमा भगवान् बुद्धले मानिसहरूलाई धर्मका कुराहरू सम्झाइरहनुभएको थियो । त्यस समयमा जाँड खाएर मात्तिएको एक जना युवाले त्यस सभामा प्रवेश गऱ्यो । ऊ आफ्नो नियन्त्रणभन्दा बाहिर थियो र रन्थनिएको थियो । उसले त्यहाँ रहनुभएका भिक्षुहरूलाई नराम्ररी घचेट्यो । उसले भिक्षुहरूलाई ठूलो-ठूलो स्वरले गालीसमेत गर्दै हल्ला गर्न थाल्यो । उसको स्वास रक्सीले ह्वास्स गन्हाउँथ्यो र वरपरको हावामा पनि त्यो अस्वस्थ गन्ध फैलिरहेको थियो । त्यसपछि ऊ बरबराउँदै



Pariyatti Book 2.pmd 26 3/28/2012, 9:52 AM

अन्यत्र लाग्यो । सबै मानिसहरू उसको व्यवहारबाट दुःखित भए, तर भगवान् बुद्ध भने शान्तिपूर्वक बसिरहनुभएको थियो । "उपस्थित सज्जनवृन्द," उहाँले भन्नुभयो "त्यस मानिसलाई एकचोटि हेर्नुस् त ! म तपाइँहरूलाई त्यस मान्छेको भविष्यबारे भन्छु । उसले पक्कै पनि आफ्नो धन सम्पति र इज्जत गुमाउनेछ । उसको शरीर कमजोर र अस्वस्थ हुदैँ जानेछ । आफ्नो परिवार र साथीभाइसँग उसको सम्बन्ध नटुटेसम्म दिनरात उसले झगडा गरिरहनेछ । सबैभन्दा खराब कुरा त उसले आफ्नो बुद्धि गुमाउनेछ र ऊ अन्योलमा पर्नेछ ।"

नशालु पदार्थको सेवन नगर्ने शील ग्रहण गर्नाले, हामीले हाम्रो दिमाग र शरीर दुवैलाई स्वस्थ राख्न सक्छौं ।

# अभ्यास

## तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क) पञ्चशील भनेको के हो ? यसको महत्व लेख्नुहोस् ।

ख) पञ्चशीलमा चौथो शील कुन हो ? व्याख्या गर्नुहोस् ।

ग) प्राणीहिंसा नगर्नाले प्राणीहरू कसरी सुखी र भयरहित हुन्छन् ?

घ) चोरी नगर्नाले अरू सबैसंग मिलेर बस्न सकिन्छ भन्ने कुरालाई प्रष्ट गर्नुहोस् ।

ङ) कस्तो कुरा गर्दा झूठो बोलेको ठहरिन्छ ?

च) नशालु पदार्थ सेवन गर्नाले के कस्तो परिणाम भोग्नु पर्ने हुन्छ ?

## सही उत्तरमा ठीक चिन्ह लगाउनुहोस् ।

क) प्राणीहिंसाले गर्दा के हुन्छ ?
i) प्राणीलाई शान्ति प्राप्त हुन्छ । ii) प्राणीहरूले दुःख पाउँछन् ।
iii) प्राणीहरूको आयु लामो हुन्छ ।

ख) चोरी नगर्नाले के हुन्छ ?
i) आफ्नो सम्पत्ति रक्षा हुन्छ । ii) अरूको सम्पत्ति रक्षा हुन्छ
iii) सबैको सम्पत्ति रक्षा हुन्छ ।


ग) यौन दुर्व्यवहार हटाउन के गर्नुपर्छ ?
i) परिवार नियोजनका साधन अपनाउनु पर्छ । ii) यौन इच्छाहरू नियन्त्रण गर्नुपर्छ ।
iii) श्रीमान र श्रीमति दुवै इमान्दार र विश्वासिलो हुनुपर्छ ।

घ) झूठो नबोल्नु भनेको के हो ?
i) सधैं मीठो बोल्नु ii) सधैं चुक्ली नगर्नु
iii) सधैं सत्य बोल्नु

ङ) नशालु पदार्थको सेवन गर्नाले के हुन्छ ?
i) शरीर बलियो हुन्छ ii) शरीर र मन अस्वस्थ हुन्छ ।
iii) शरीरमा स्फूर्ति बढ्छ ।

च) शील पालन गर्नु भनेको आफू के बन्नु हो ।
i) जिम्मेवार ii) गैरजिम्मेवार iii) आलश्य

# गृहस्थहरू



बौद्धहरूको समुदायलाई संघ र गृहस्थ गरी दुई समूहमा विभाजित गरिएको छ । 'संघ' शब्दको अर्थ मिलेर बसेको समुदाय हो । संघ भन्नाले बौद्ध भिक्षुहरू र भिक्षुणीहरूलाई बुझाउँछ । उहाँहरू विहारमा बस्नुहुन्छ । गृहस्थ भन्नाले बौद्ध उपासक (पुरुष) तथा उपासिका (महिला)हरू हुन् । उनीहरू चीवर लगाउँदैनन् र आफ्नो परिवारसित घरमा बस्छन् ।

बौद्ध उपासक उपासिका बन्नका लागि सर्वप्रथम त्रिशरणगमन अर्थात् बुद्ध, धर्म र संघको शरणमा जानुपर्छ । त्यसपछि उनीहरू आफ्नो स्वइच्छाले पञ्चशील शिक्षालाई आफ्नो व्यवहारमा उतार्दछन् ।

बुद्धधर्ममा उपासक उपासिकाहरूको ठूलो महत्व छ । उनीहरू संघको हेरविचार गर्ने र भिक्षुभिक्षुणीहरूलाई भोजन, चीवर, विहार र औषधी दान गरेर सेवा पुऱ्याउँछन् । त्यस्तै संघले पनि प्रतिउपकारको रूपमा बुद्धका शिक्षा उपदेश फिजाउने जिम्मेवारी बोकेको हुन्छ । साथै संघले धर्मका कुराहरू गृहस्थहरूलाई सिकाउँछ । यसरी संघ र गृहस्थहरू एकआपसमा उपकार गर्दै मैत्री सम्बन्ध कायम गरेर धर्मको रक्षा गर्दछन् ।

प्रव्रजित होस् वा कुनै उपासक उपासिका, हामीहरू सबैले इमानदारीपूर्ण जीवन बिताउनुपर्छ, सबै प्राणीहरूप्रति दया करूणा राख्नुपर्छ र आफू उदाहरणीय बन्नुपर्छ । काम गरिरहँदा होस् वा ध्यान भावनाको अभ्यास गरिरहँदा होस्, अरूको र आफ्नो हित र सुखका लागि नै गर्नुपर्छ ।



Pariyatti Book 2.pmd 29 3/28/2012, 9:52 AM

# बुद्धधर्मका प्रतिकहरू

बेलाबखतमा विहारमा दर्शन गर्न जाँदा मुख्य रूपमा हामीले ५ प्रकारका बस्तुहरू देख्छौं । ती हुन् :–

१) कमलको फूल

२) धर्मचक्र

३) बौद्ध झण्डा

४) बोधि वृक्ष

५) चैत्य स्तूप

यसबाहेक विहारमा पाइने अर्को सर्वाधिक प्रसिद्ध चिन्ह बुद्धको प्रतिमा हो । यी सबै कुराले बुद्धधर्ममा विशेष महत्व राख्दछन् ।

## कमलको फूल



कमलको फूलको जरा हिलोमा रहन्छ, यो बिरूवा गहिरो पानीबाट माथि देखापर्छ, यो पानीको सतहसम्म बढ्छ र सूर्यको किरणसंगै शुद्ध र सुन्दर रूपमा फुल्छ ।

कमलको फूललाई शुद्धताको प्रतीकको रूपमा लिइन्छ किनभने यो हिलोमैलोमा उम्रेतापनि यसमा कुनै प्रकारको फोहरमैला रहँदैन । बुद्धका उपदेशमा श्रद्धा राख्ने हाम्रो उद्देश्य पनि कमलको फूलजस्तै हुनु आवश्यक छ, हिलोमैलोबाट नै आएको भएतापनि हाम्रो उद्देश्य कमलको फूलजस्तै शुद्ध र सुन्दर हुन सकोस् ।



Pariyatti Book 2.pmd 30 3/28/2012, 9:52 AM

## धर्मचक्र



हामीहरूले गाडी हाँक्दा गाडीका पाङ्ग्राहरू गन्तव्य स्थानमा नपुगेसम्म गुडाउने गर्दछौँ, त्यसरी नै जुन बेलादेखि भगवान् बुद्धले पहिलो पटक ज्ञानका कुरा सिकाउनुभयो त्यस बेलादेखि संसारमा सत्य, ज्ञान र धर्म निरन्तर रूपमा फैलिरहेको छ । बहुजनको हित र सुखको निमित्त धर्मचक्र निरन्तर फैलिरहनु आवश्यक छ । बुद्धधर्मको व्यापक प्रचार-पसार गरेर मानिसहरूको जीवन सुखमय बनाउने काममा निरन्तर चलिरहने यो धर्मचक्र महत्वपूर्ण प्रतीकका रूपमा रहेको छ ।

## बौद्ध झण्डा



बुद्धधर्ममा रहेका मान्यताअनुसार भगवान् बुद्ध बोधिवृक्षको रूखमुनि ध्यानमा बसी ज्ञान प्राप्त गर्नुभएको अवस्थामा ६ प्रकारका रश्मिहरू उहाँको शरीरबाट प्रसारित भएका थिए । यसैलाई आधार बनाएर बौद्ध झण्डा बनेको हो । यसले संसारका सबै जात-जातिहरू बुद्धको प्रज्ञाको रश्मीमा सुखपूर्वक बाँच्न सक्छन् भन्ने चिनारी दिन्छ । त्यसैले यसलाई शान्तिको ध्वजाका रूपमा समेत लिइन्छ ।

## बोधिवृक्ष



बोधिवृक्ष भनेको भारतको बुद्धगयामा रहेको पिपलको रूख हो । भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेपछि त्यस रूखलाई बोधिवृक्ष भनियो । अचेल बुद्धको ज्ञानको प्रतीकका रूपमा यसलाई प्रयोग गरिन्छ । ज्ञानको चिन्हको रूपमा यस रूखलाई सम्पूर्ण बौद्ध धर्मालम्बीहरूले आदर गर्दछन् । यस बोधिवृक्षलाई सम्मान गर्नु भगवान् बुद्धको ज्ञानलाई सम्मान गर्नु सरह हो ।



Pariyatti Book 2.pmd 31 3/28/2012, 9:52 AM

## स्तुप



स्तुप भनेको एक प्रकारको स्मारक हो जसमा बुद्ध वा अरहन्त भिक्षुहरूका अंश अवशेषहरू राखिएको हुन्छ । थुप्रै मानिसहरूले यस पवित्र स्तुप चैत्यमा नमस्कार गर्ने गर्दछन् । आज स्तुप तथा चैत्यले नै बुद्ध र बुद्धका शिष्यहरूको गुणस्मरण गराइरहेको छ ।

## बौद्ध प्रतिमा र चित्रहरू

बौद्ध प्रतिमा र चित्रहरू मानिसहरूले आफूले आदर र सम्मान गरिआएका बुद्ध र बुद्धका उपदेशहरूलाई सजिलै र राम्ररी चिनाउने र सम्झाउने साधन हुन् । हामीले चिनेको व्यक्तिको एक चित्रले पनि हामीलाई उनको राम्रो सम्झना दिलाउँछ त्यसरी नै एउटा राष्ट्रिय झण्डाले त्यस राष्ट्रका मानिसहरूलाई आफ्नो देशप्रतिको निष्ठालाई जगाउँछ ।

चित्र र राष्ट्रिय झण्डालाई हामी व्यक्ति वा देशको प्रतीक र चिन्हको रूपमा लिन सक्छौं । त्यस्तै नै मानिसहरूले व्यक्तिमा रहेको गुण सम्झनका लागी कुनै ठोस प्रतीकको चाहना गर्दछन् र त्यही प्रतीक, प्रतिमा र चिन्हलाई आधार बनाएर उनीहरू मूल व्यक्ति र भावप्रति आफ्नो स्नेह, माया, र सद्भाव व्यक्त गर्दछन् ।

यही धारणाअनुसार विहार तथा बुद्धधर्मालाम्बीहरूका घर-घरमा श्रद्धाभाव स्वरूप भगवान्को प्रतिमा स्थापना गरिएको पाइन्छ । प्रत्येक विहारहरूको मुख्य भागमा बुद्धका मूर्तिहरू स्थापित भएका हुन्छन् । यी मूर्तिहरू विभिन्न खाले मार्वल, प्रस्तर, सुन, काठ, र धातुका सामग्रीबाट कलात्मक रूपमा बनाइन्छन् । प्रतिमा एउटा यस्तो प्रतीक हो, चिन्ह हो जसद्वारा स्मरण गर्नुपर्ने कुराको राम्ररी स्मरण गर्न सकिने हुन्छ ।

धर्म मण्डप वा कक्षमा बुद्धधर्मका ठूला-ठूला ग्रन्थहरू धर्मका प्रतीकका रूपमा सजाइएका हुन्छन् । कुनै कुनै धर्म-कक्षमा मूर्ति, चित्र, बौद्ध भिक्षु र प्रसिद्ध गुरूहरूका चित्रहरू पनि प्रतीकका रूपमा राखिएका हुन्छन् । श्रद्धालुहरू दर्शनका लागि त्यहाँ पुग्दा ती वस्तुहरूको दर्शनले बुद्ध, धर्म र संघका गुणहरूको स्मरण गरी आफ्नो मनमा तिनप्रति श्रद्धा भाव जगाउँदछ । यस्तो धार्मिक प्रभावले गर्दा हामीहरूमा राम्रो कार्य गर्ने प्रेरणा मिल्छ ।



Pariyatti Book 2.pmd 32 3/28/2012, 9:53 AM


# बुद्धधर्मका चाडपर्वहरू



बुद्ध धर्मावलम्बीहरू विभिन्न चाडपर्व मनाउने गर्दछन् । तलका तीन वटा चाडपर्वहरू सबै बौद्धहरूले भव्य रूपमा मनाउने गर्दछन् । यस चाडपर्व-अर्थात् उत्सबमा मानिसहरू त्रिरत्नको शरणमा जान्छन् । त्यस बेला शील प्रार्थना गर्ने तथा घर त्यागी भिक्षु अनागारिका बन्ने गरिन्छ । बुद्धको जन्मदिन वैशाख पूर्णिमालाई बौद्ध समुदायले बुद्धपूर्णिमा भनी शान्ति कामना गर्दै सबैभन्दा महत्वपूर्ण दिनको रूपमा मनाउने गर्दछ । यसलाई नेवार समुदायले "स्वाँया पुन्ही", कतै वैशाख दिन त कतै विशाख पूजा पनि भनिन्छ । यस दिनमा चीन, कोरियालगायत बौद्ध देशमा सानो सिद्धार्थको प्रतिमालाई भव्यताका साथ जल अर्पण गर्ने, नुहाइदिने चलन पनि रहेको छ । यसरी आफ्नो विचार र कार्यलाई शुद्ध बनाउँदै लानको लागि उत्सवलाई चलनको रूपमा लिइन्छ । यस समयमा सबै विहारहरूमा रंङ्गीचङ्गी फूलहरू, पटाका, दानप्रदानका सामग्री र धूप मैनवत्तीहरूले सिङ्गारिएका हुन्छन् । शाकाहारी खाना तथा क्षीर भोजन दान प्रदान गर्दछन् । थुनिएका जनावर, चराचुरूङ्गी, माछा, कछुवा आदि प्राणीलाई बन्धनबाट मुक्त गरी स्वत्रन्त्र छाडि अर्थात् अभय दान दिई पुण्य संचय गर्ने गर्छन् । सबैका लागि सुख शान्तिको कामना गरी बुद्ध प्रतिमा सहित शोभा-यात्रा गरी पवित्र दिन मनाउने चलन छ । संयुक्त राष्ट्र संघले पनि सो दिन विश्वभरि नै पवित्र दिनका रूपमा मनाउने गरेको छ ।



Pariyatti Book 2.pmd 33 3/28/2012, 9:53 AM



## धर्म दिन (धर्मको दिन, असार पूजा)

आषाढ पूर्णिमाको दिनलाई असार पूजा वा धर्मको दिनका रूपमा मनाउने चलन छ । त्यस दिनमा भगवान् बुद्धले वाराणसीको मृगदावनमा पाँच जना भिक्षुहरूलाई पहिलो चोटि धर्म उपदेश गर्नुभएको पावन अवसरका रूपमा स्मरण गरी मनाउने चलन रहेको हो ।

## संघदिन (संघको दिन, कथिन दिन)

बुद्ध धर्माबलम्बीहरूमा कार्तिक पूर्णिमादेखि एक महिनासम्म संघ दिन अथवा कथिन दिनका रूपमा मनाउने चलन छ । थेरवाद बुद्धधर्मका भिक्षुहरू तीन महिनासम्म वर्षायाममा एकै ठाउँमा वर्षावास बस्दछन् । वर्षावास सकिसकेपछि श्रद्धालुहरूले चीवर, परिस्कार दान दिने गर्छन् । यस दिनले भिक्षुसंघ र गृहस्थी समाज बीचको सम्बन्धलाई सुमधुर बनाउने गर्छ ।

यी सबै महत्वपूर्ण उत्सव तथा बौद्ध चाडपर्वमा सबै बुद्धधर्मावलम्बीहरूले त्रि-शरण सहित त्रिरत्न वन्दना गर्ने, पञ्चशील ग्रहण गर्ने, धूप मैनबत्ती तथा फूलले भगवान् बुद्धलाई सजाउने, सूत्रहरू पाठ गर्ने, ध्यान गर्ने, भिक्षु अनागारिकाहरूलाई भिक्षा दान गर्ने तथा धर्मको चर्चा एवं श्रवण गरी आस्था पूर्वक मनाउने गर्दछन् ।



Pariyatti Book 2.pmd 34 3/28/2012, 9:53 AM

# अभ्यास

## गृहस्थहरू

### तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) बौद्ध समुदायलाई कति समूहमा विभाजन गरिएको छ ? ती के के हुन् ?
ख) बौद्ध उपासक उपासिका बन्न के गर्नुपर्छ ?
ग) बुद्ध धर्ममा उपासक उपासिकाहरूको कस्तो महत्व रहेको छ ?

### जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| संघ | बुद्ध, धर्म र संघको शरण |
| गृहस्थ | प्रवजितहरूको वस्त्र |
| त्रिशरण | उपासक र उपासिका |
| उपासिका | भिक्षु/भिक्षुणी |
| चीवर | बौद्ध महिला |

## बुद्धधर्मका प्रतिकहरू

### जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| कमलको फूल | शान्तिको ध्वजा |
| बौद्ध झन्डा | बुद्धको ज्ञानको प्रतिक |
| बोधिवृक्ष | शुद्धताको प्रतिक |
| धर्मचक्र | स्मारक |
| स्तूप | बुद्धधर्मको व्यापक प्रचार |

### तलका प्रश्नको उत्तर दिनुहोस् ।

क) बोधिवृक्षलाई किन सबैले आदर गर्छन् ?
ख) कमलको फूललाई किन शुद्धताको प्रतिक मानिन्छ ?
ग) बौद्ध झण्डाको निर्माण के कुराको आधारमा गरिएको हो ?
घ) बौद्ध विहार र गृहस्थीहरूको घरहरूमा किन बुद्ध प्रतिमा राखिएका हुन्छन् ?
ङ) मानिसहरूले स्तुप तथा चैत्यहरूलाई किन नमस्कार गर्दछन् ?

## तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) बौद्धहरूले मनाउने प्रमुख चाडहरूको नाम उल्लेख गर्नुहोस् ।
ख) वैशाख पूर्णिमाको बेला बौद्ध धर्मावलम्बीहरूले के के गर्छन् ?
ग) असार पूर्णिमाको के महत्व छ ?
घ) कथिन दिनको रूपमा कुन समयलाई मानिन्छ ?

## खाली ठाउँ भर्नुहोस् ।

क) बुद्धको जन्मदिन ...................... को दिन हो ।
ख) नेवार समुदायले वैशाख पूर्णिमालाई ...................... भन्दछन् ।
ग) धर्मको दिनको रूपमा ...................... लाई मानिन्छ ।
घ) बुद्धले पहिलो उपदेश वाराणसीको ...................... मा गर्नु भएको हो ।
ङ) भिक्षुहरू तीनमहिना वर्षायाममा एकै स्थानमा बसोबास गर्नेलाई ............ भनिन्छ ।



Pariyatti Book 2.pmd 36 3/28/2012, 9:53 AM

# दश कुशलाकुशल

खराब काम, नराम्रो अशुभकर्म र पापकर्मलाई अकुशल भनिन्छ । असल, राम्रो शुभकर्म र पुण्यकर्मलाई कुशल भनिन्छ । दश प्रकारका खराब कामलाई दश अकुशल भनिन्छ । दश प्रकारका अशल कामलाई दश कुशल भनिन्छ । हामीले दश अकुशल कर्मलाई छोडी दश कुशल कर्म गर्नुपर्छ । भगवान् बुद्धले दश कुशलाकुशल कर्मबारे यसरी बताउनुभएको छ —

## दश अकुशल :–

| | | | |
|---|---|---|---|
| १) | पाणातिपाता | - | प्राणीहिंसा गर्नु |
| २) | अदिन्नादाना | - | चोरी गर्नु |
| ३) | कामेसु मिच्छाचारा | - | परपुरूष वा परस्त्री गमन गर्नु |
| ४) | मुसावादा | - | असत्य कुरा गर्नु |
| ५) | पिसुणवाचा | - | कुरा काट्नु |
| ६) | फरूसवाचा | - | कडा शब्द बोल्नु |
| ७) | सम्फप्पलावाचा | - | काम नलाग्ने कुरा गर्नु |
| ८) | अभिज्भा | - | अभिध्या, (लोभ, तृष्णामा भुल्नु) |
| ९) | व्यापाद | - | क्रोध हुनु, अर्कालाई दुःख दिनु |
| १०) | मिच्छादिट्ठि | - | मिथ्यादृष्टि, गलत विचार |

## शरीरबाट गरिने तीनवटा अकुशल


### १) पाणातिपाता :–

चेतनशील सत्त्वहरूलाई प्राणी भनिन्छ । मानिस, पशु, पंक्षी र सबै प्रकारका कीटपतङ्गहरू प्राणी हुन् । तल दिइएका पाँच प्रकारका अङ्ग पूरा भएको स्थितिमा अर्थात् अमैत्रीपूर्ण तथा हृदयदेखि निर्दयी भई प्राणीहरूको हिंसा हुन जाने सम्भावना हुन्छ ।



Pariyatti Book 2.pmd 37 3/28/2012, 9:53 AM

१) प्राणी जीवित (सजीव) हुनु ।
२) जीवित प्राणी हो भन्ने ज्ञान हुनु ।
३) प्राणीलाई मार्ने भन्ने चेतना हुनु ।
४) मार्न प्रयास वा प्रयोग गर्नु ।
५) त्यस प्रयोगद्वारा प्राणीको मृत्युसमेत हुनु ।



यी पाँच अङ्ग पूरा भएको स्थितिमा कसैबाट कुनै प्राणी मारियो वा हत्या गरियो वा हुन गयो भने त्यसलाई प्राणीहिंसा भएको मानिनेछ ।

## २) अदिन्नादाना :

घाँस, काठ र पानीदेखि लिएर अर्काको अधिकारमा रहेको सजीव वा निर्जीव कुनै पनि सम्पत्ति त्यसका धनीले नदेखिनेगरी वा उनलाई थाहानहुने गरी चोर्ने नियतले लिनु अथवा उनको अनुमति नलिईकन जबरजस्ती लिनुलाई अदिन्नादाना भनिन्छ । अदिन्नादाना तल दिइएका पाँच प्रकारका अङ्ग (स्थिति)पूरा भएको स्थितिमा हुन जाने सम्भावना रहन्छ ।

१) अरूको अधीनमा वा अधिकारमा रहेको बस्तु हुनुपर्ने ।
२) अरूको अधीनमा वा अधिकारमा रहेको बस्तु भनी थाहाभएको हुनुपर्ने ।
३) चोर्ने चेतना वा मनसाय हुनुपर्ने ।
४) चोर्ने काम भएको वा प्रयोग भएको वा प्रयत्न भएको हुनुपर्ने ।
५) उक्त प्रयत्न वा प्रयोगद्वारा चोरेकै हुनुपर्ने ।

माथि उल्लिखित पाँच प्रकारका स्थितिमा सो कार्य हुन गयो भने त्यसलाई अदिन्नादाना भएको मानिनेछ ।

## ३) कामेसु मिच्छाचारा :

परस्त्री वा परपुरूष गमन गर्नुलाई मिच्छाचारा भनिन्छ । आमाबाबु, दाजुभाइ, दिदीबहिनी, कुटुम्ब परिवार गोत्रबाट रक्षा गरिएको, कसैसँग विवाह भइसकेको, कसैको



Pariyatti Book 2.pmd 38 3/28/2012, 9:53 AM



लोग्ने वा स्वास्नी भएको, नारी पुरुषदेखि लिएर दास-दासीसम्म पनि कामभोगसम्बन्धी अतिक्रमण गर्नुलाई परस्त्री वा परपुरुष-गमन गर्नु भनिन्छ । तल दिइएका चार प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा कामेसु मिच्छाचारा मानिने छ ।

१) अगमनीय वस्तु हुनुपर्ने ।
२) कामभोग गर्ने इच्छाले युक्त हुनुपर्ने ।
३) कामभोग सेवन हुनुपर्ने ।
४) कामभोगद्वारा आनन्दको अनुभव हुनुपर्ने ।

## वचनद्वारा हुने चार अकुशल

### ४) मुसावादा :

भूटो बोल्नु, असत्यलाई सत्य भन्नु, सत्यलाई असत्य भन्नुलाई मुसावादा भनिन्छ । सभामा, परिषद्मा वा जुनसुकै ठाउँमा कसैलाई पनि सत्यलाई असत्य, असत्यलाई सत्य, देखेकोलाई नदेखेको र नदेखेकोलाई देखेको भन्नु, भूटो कुरा बक्नु, भूटो कुरामा साक्षी बस्नु, आफ्ना लागि वा अर्काको लागि वा कुनै चीजवस्तुका लागि फटाहा कुरा वा असत्य कुरा गर्नुलाई मुसावादा भनिन्छ । तल दिइएका चार प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा मुसावादा हुन गएको मानिने छ ।

१) असत्य कुरा हुनु ।
२) धोखा दिनु, ठग्ने चित्त हुनु ।
३) त्यस चित्तअनुसार प्रयोग एवं प्रयत्न हुनु ।
४) त्यसले गरेको कुरा अरूले स्पष्ट रूपमा बुझेको हुनु ।

### ५) पिसुणवाचा :

मिलेकाहरूलाई फुटाउने कुरा गर्नु, यताको कुरा उता, उताको कुरा यता गरी झगडा गराउनु र चाकडी-चुक्ली गर्नुलाई नै पिसुणवाचा भनिन्छ । आपसमा सत्कार सम्मान एवं विश्वासी भइरहेकाहरूलाई उनीहरूको सम्मानमा धक्का पर्ने गरी बोल्नु र



Pariyatti Book 2.pmd 39 3/28/2012, 9:53 AM

मिलिरहेका दुईजनाको चित्त फाट्ने कुरा गर्नु पिसुणवाचा हो । तल दिइएका चार प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा पिसुणवाचा हुन गएको मानिने छ ।

१) जसलाई फुटाउन र झगडा गराउन त्यस्तो बोली प्रयोग गरेको हो त्यो व्यक्ति त्यहाँ उपस्थित हुनु अथवा जसको बारेमा चुक्ली गरिएको हो त्यो व्यक्ति रहेको हुनु । हुँदै नभएको काल्पनिक व्यक्तिको बारेमा गरिएको चुक्ली चुक्ली मानिँदैन ।
२) मानिसहरूमा फाटो पार्ने मनसाय हुनु ।
३) उक्त मनसायको चित्तले चुक्ली गर्ने प्रयत्न वा प्रयास गर्नु ।
४) सुन्नेले चुक्ली गरेको कुरा स्पष्ट रूपमा बुझेको हुनु ।

### ६) फरुसवाचा :



अरूको इज्जतमा धक्का पर्ने गरी गाली गर्नु, रिसले कटुवचन बोल्नु, अपशब्द बोल्नु, जथाभावी बोल्नु वा कडा वचन प्रयोग गर्नुलाई फरूसवाचा भनिन्छ । तल दिइएका तीन प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा फरूसवाचा हुन गएको मानिने छ ।

१) गाली गरिने व्यक्ति हुनुपर्ने ।
२) रिसले मुर्मुरिएको चित्त हुनुपर्ने ।
३) गाली गरिएको हुनुपर्ने ।

यसरी तीन प्रकारको स्थिति वा अङ्ग पूरा भएको वचन प्रयोगलाई फरूसवाचा कर्म भनिन्छ ।

### ७) सम्फप्पलापवाचा :

बेकारको कुरा गर्नु, समय नसुहाँउदो कुरा गर्नु, अनर्थको कुरा गर्नु, धर्मविनय विपरीत कुरा गर्नु, बेतर्कको कुरा गर्नु, रङ्ग न ढङ्गको कुरा गर्नुजस्ता इत्यादि कार्यलाई सम्फप्पलापवाचा भनिन्छ । तल दिइएका दुई प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा सम्फप्पलापवाचा हुन गएको मानिने छ ।



Pariyatti Book 2.pmd 40 3/28/2012, 9:53 AM

१) निरर्थक कुरा हुनु ।

२) निरर्थक कुरा गरेको समेत हुनु ।

## मनद्वारा गरिने तीनवटा अकुशल

### ८) अभिज्झा :

लोभी हुनु, अर्काको धनसम्पत्ति आफ्नो बनाउन पाए हुन्थ्यो भन्ने भावना नै अभिज्झा हो । अभिज्झालाई विषमलोभ पनि भनिन्छ, राग पनि भनिन्छ, काम पनि भनिन्छ । तल दिइएका दुई प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा अभिज्झा हुन गएको मानिने छ ।

१) अर्काको धनसम्पत्ति हुनु ।

२) अर्काको धनसम्पत्ति आफ्नो बनाउन चाहेको चित्त हुनु ।

### ९) व्यापाद :

द्वेषयुक्त संकल्प, दुष्ट मनस्थिति नै व्यापाद हो । यो प्राणी मरे पनि हुन्थ्यो, यसलाई कसैले मारे पनि हुन्थ्यो, यसको विनाश भए हुन्थ्यो, यो प्राणी नभए हुन्थ्यो भन्नेजस्ता रीस उठ्ने स्वभाव, दुःख दिने मनसाय नै व्यापाद हो । यसलाई क्रोध, द्वेष, प्रतिघ, आघात, कोष वा रोष भनेर बुझिन्छ । तल दिइएका दुई प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा व्यापाद मानिने छ ।

१) प्राणी हुनु ।

२) उक्त प्राणी नाश भए कति राम्रो हुन्थ्यो भन्ने चिन्तन हुनु ।

### १०) मिच्छादिट्ठि :

विपरीत दृष्टि, मिथ्यादृष्टि, गलत र उल्टो धारणालाई मिच्छादिट्ठि भनिन्छ । त्यस्ता व्यक्तिहरूको विचारमा दान गर्नुको फल छैन, यज्ञको फल छैन, राम्रो नराम्रोको फल छैन । इहलोक छैन, परलोक छैन । आमा भन्ने पनि छैन । बाबु भन्ने पनि छैन । यो संसारमा सम्यक् ज्ञान प्राप्त व्यक्ति पनि छैन । सम्यक् आचरण भएका पनि छैंनन् । तल दिइएका दुई प्रकारका स्थिति वा अङ्ग पूरा हुन गएमा मिच्छादिट्ठि मानिने छ ।

१) मिच्छादिट्ठि हुनु ।

२) ग्रहण गरेको पनि हुनु ।

## दश कुशल :–

| | | | |
|---|---|---|---|
| १) | पाणातिपाता विरति | – | प्राणीहिंसा नगर्नु |
| २) | अदिन्नादाना विरति | – | चोरी नगर्नु |
| ३) | कामेसु मिच्छाचारा विरति | – | परपुरुष वा परस्त्री गमन नगर्नु |
| ४) | मुसावादा विरति | – | झूटो नबोल्नु |
| ५) | पिसुणवाचा विरति | – | चुक्ली नगर्नु |
| ६) | फरूसवाचा विरति | – | कडावचन नगर्नु |
| ७) | सम्फप्पलाप विरति | – | बेकारको कुरा नगर्नु |
| ८) | अनभिज्झा | – | लोभ नगर्नु |
| ९) | अव्यापाद | – | क्रोध नगर्नु, द्वेष नगर्नु |
| १०) | सम्मादिट्ठि | – | सम्यक्‌दृष्टि, सही विचार गर्नु |

यी दशवटा कुशलकर्मलाई दश-कुशल भनिन्छ । भगवान् बुद्धले मज्झिमनिकायको सम्मादिट्ठिसुत्तमा, सालेय्यकसुत्तमा, अङ्गुत्तरनिकायको दशक निपातमा र अरु ठाउँमा दशवटा कुशल कर्मबारे यसरी उल्लेख गर्नुभएको छ :–

प्राणीहिंसाबाट अलग भएको, दण्डको प्रयोग, शस्त्रको प्रयोग नगरिकन लज्जाशील, दयावान् र सबै प्राणीमाथि अनुकम्पा राख्ने हुनुपर्छ । चोरी-काम छोडेर आफ्नो मेहनतले जति प्राप्त हुन्छ त्यसलाई मात्र ग्रहण गरी पवित्र जीवन व्यतीत गर्ने हुनुपर्छ । गाउँको होस् वा जङ्गलको होस्, अर्काको सम्पत्ति चोरेर नलिने हुनुपर्छ । कामभोगसम्बन्धी मिथ्याचारलाई छोड्नुपर्छ । परस्त्री वा परपुरूष गमन गर्नुबाट अलग रहनुपर्छ ।

फटाहा कुरा गर्नुबाट अलग भई सत्य कुरा गर्ने हुनुपर्छ । सच्चा भई, लोकमा यथार्थवादी भई सभा, परिषद्, मित्रवर्ग, राजसभा आदि जहाँ गएपनि थाहा भएको र देखेकोलाई मात्र थाहापाएको देखेको, थाहा नपाएको, नदेखेकोलाई थाहा नपाएको र नदेखेको नै भन्ने हुनुपर्छ । आफ्नो लागि वा अरू कसैका लागि कुनै लौकिक पदार्थ प्राप्त गर्न जानाजान झूटो कुरा गर्ने हुनु हुँदैन । चुक्ली गर्न छोडी, उताको कुरा यता

र यताको कुरा उता पुऱ्याई अरूको चित्त फुटाउने कामबाट अलग भई, बरू नमिलेकाहरूलाई मिलाइदिने, मानिसहरू एक ढिक्का भई मिलेर बस्ने जस्ता कुरा गर्नुपर्छ । कडा वचन बोल्न छोड्नुपर्छ । कानलाई आनन्द हुने, प्रेमपूर्ण, सुनिरहेकाहरूको मन हलुंगो हुने, शिष्ट र सभ्य अर्थात् धेरैलाई मनपर्ने वचन बोल्नुपर्छ । यसरी नै फजुल र व्यर्थको कुरा छाडी समयानुकूल, यथार्थ, अर्थयुक्त, धर्मानुकूल, नियमानुकूल कुरा, संग्रह गर्न योग्य, तर्कयुक्त कुरा गर्ने हुनुपर्छ । यी चार वचनद्वारा गरिने कर्म कुशल कर्म हुन् ।

अभिध्यारहितको, निर्लोभी भई अर्काको धनमाथि लोभ नगर्ने हुनुपर्छ । व्यापादरहित, द्वेषरहित भई कुनैपनि प्राणीप्रति शत्रुता नराख्ने हुनुपर्छ । व्यापाद नहोस्, दुःख नहोस् तथा सुखी होस् भन्ने मनले संकल्प गर्ने हुनुपर्छ । यसरी नै सम्यक्दृष्टि, सहीदृष्टिसहित दान, यज्ञ, कुशल तथा अकुशलकर्मको आ-आफ्नो फल हुन्छ भन्ने विश्वास भएको हुनुपर्छ । यी तीनवटा मनद्वारा गरिने कर्म कुशलकर्म हुन् ।

दश-अकुशलकर्म गर्नेलाई यस लोक र परलोकमा पनि खराब फल भोग्नुपर्ने हुन्छ । त्यसैले दश-अकुशलकर्मलाई अधर्म, अनर्थ भनिन्छ । दश-कुशल कर्मलाई धर्म, अर्थ भनिन्छ । अधर्मलाई अधर्म, अनर्थलाई अनर्थ, धर्मलाई धर्म, अर्थलाई अर्थ भनेर धर्मानुसार आचरण गरिनुपर्छ । यो प्राणीहिंसादि दश-अकुशलकर्म असाधु (नराम्रो) हो । अनार्य (आर्यहरूले सेवन नगर्ने) हो । साश्रव (काम आश्रव आदि वृद्धि हुने) हो । सदोष (दोषयुक्त) नै हो । दुःख दायक हो । दुःखविपाक धर्म हो । यसलाई अनार्यमार्ग, कृष्णमार्ग (अँध्यारो बाटो), असद्धर्म, अभ्यास गर्न नहुने धर्म, बृद्धि गर्न नहुने धर्म, अनुस्मरण गर्न नहुने धर्म, साक्षात् गर्न नहुने धर्म भनेर भनिन्छ । दश-अकुशलकर्म गर्नेसित सत्संगत गर्नुहुँदैन । दश-अकुशलकर्म गर्ने मानिस मरणपछि अपाय दुर्गति नरकमा उत्पन्न हुन्छ ।

प्राणीहिंसाबाट अलग्ग भई बस्नु आदि दश-कुशलकर्म साधु हो, आर्य हो, अनाश्रव हो, निर्दोष हो, अतपनीय हो, अपचयगामी हो, सुखदायक हो, सुखविपाक धर्म हो । यसलाई आर्यमार्ग, शुक्लमार्ग, सद्धर्म, सत्पुरूषधर्म, पालन गर्नुपर्ने धर्म, सेवन गर्नुपर्ने धर्म, अभ्यास गर्नुपर्ने धर्म, बृद्धि गर्नुपर्ने धर्म, अनुस्मरण गर्नुपर्ने धर्म, साक्षात्कार गर्नुपर्ने धर्म भनिन्छ ।

दश-कुशलकर्म गर्नेसित सत्संगत गर्नुपर्छ । उसँग बस्नुपर्छ । उसको सेवा गर्नुपर्छ । उसको पूजा गर्नुपर्छ । उसको गौरव राख्नुपर्छ । दश-कुशलकर्मद्वारा शरीर, वचन र मन शुद्ध हुन्छ । दश-कुशलकर्म गर्ने मानिस सुगति स्वर्गमा उत्पन्न हुन्छ ।

अरू पनि दश-कुशल कर्म छन् । यसलाई दश-पुण्यक्रिया भनिन्छ । जुन यस प्रकार छन् –

| | | | |
|---|---|---|---|
| १) | दान | – | श्रद्धापूर्वक दिनु । |
| २) | शील | – | शील पालना गर्नु । |
| ३) | भावना | – | समथ, विपस्सना ध्यानभावना गर्नु । |
| ४) | अपचायन | – | आफूभन्दा जेठाहरूको आदर गर्नु । |
| ५) | वेय्यावच्च | – | सेवा गर्नु, आफन्तहरूलाई मद्दत गर्नु । |
| ६) | पत्तिदान | – | आफूले गरेको पुण्य अरूलाई बाँड्नु । |
| ७) | पत्तानुमोदन | – | अरूले गरेको पुण्यमा प्रसन्न हुनु । |
| ८) | धम्मसवन | – | धर्म उपदेश सुन्नु । |
| ९) | धम्मदेसना | – | धर्म उपदेश दिनु । |
| १०) | दिट्ठिजुकम्म | – | सम्यक्दृष्टि हुनु । |



Pariyatti Book 2.pmd 44 3/28/2012, 9:53 AM

# अभ्यास

## तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) अकुशल भनेको के हो ? दश प्रकारका अकुशललाई पालि र अर्थ सहित लेख्नुहोस् ।

ख) शरीरबाट हुने अकुशलहरू उल्लेख गर्दै प्राणीहिंसा हुन पुरा हुनु पर्ने अंगहरू पनि लेख्नुहोस् ।

ग) कस्तो कुरा गर्नुलाई मुसावादा भनिन्छ ? यसका अंगहरू के के हुन् ?

घ) मनद्वारा कतिवटा अकुशल कर्महरू हुन्छन् ? व्यापादको बारेमा लेख्नुहोस् ।

ङ) कस्तो कर्मलाई कुशल कर्म भनिन्छ ? दशकुशलहरू पालि र अर्थ सहित लेख्नुहोस् ।

च) दश पुण्यक्रिया भनेको कुन कुन हो ? पालि र अर्थ सहित लेख्नुहोस् ।

## खाली ठाउँ भर्नुहोस् ।

क) शरीरबाट ...................... अकुशल हुने गर्छन् ।

ख) कडा शब्द बोल्नु ...................... हो ।

ग) अदिन्नादाना हुन ...................... प्रकारका अंग पूर्ण हुनु पर्छ ।

घ) लोभी हुनु ...................... हुने अकुशल हो ।

ङ) अनभिज्भा भनेको ...................... हो ।

## मिल्ने उत्तरमा ठीक चिन्ह लगाउनुहोस् ।

क) फरुसावाचा भनेको के हो ?

i) चुक्ली गर्नु ii) कडा शब्द बोलनु iii) काम नलाग्ने कुरा गर्नु

ख) कामेसु मिच्छाचारा कहाँबाट हुने अकुशल हो ?

i) शरीर ii) वचन iii) मन र शरीर

ग) वचनद्वारा कति प्रकारका अकुशल हुन्छन् ?

i) ३ ii) ४ iii) ५

घ) मनमा लोभ स्वभाव नहुनु कुन हो ?

i) अभिज्भा ii) व्यापाद iii) अनभिज्भा

ङ) चुक्ली गर्नु कुन हो ?

i) सम्फप्पलापवाचा ii) पिसुणवाचा iii) फरूसावाचा

## ठीक बेठीक छुट्यानुहोस् ।

क) गलत विचार राख्नु भनेको मिथ्यादृष्टि हुनु हो ।

ख) क्रोधी हुनु शरीरबाट हुने अकुशल हो ।

ग) दश अकुशलको फल यस लोकमा मात्र भोग्नु पर्छ ।

घ) प्राणीहिंसादि कर्मबाट अलग रहनु आर्य हो, अनास्रव हो ।

ङ) ध्यान गर्नु र पुण्य दान गर्नु कुशल कर्म होइनन् ।



Pariyatti Book 2.pmd 45 3/28/2012, 9:53 AM

# मंगल - सूत्र

## निदान

"मङ्गल" शब्दको अर्थ राम्रो, असल, शुभ र उन्नति आदि हुन् । भगवान् बुद्धको बेलामा राजगृहनगरको संस्थागारमा भेला भएका मानिसहरूबीच 'मङ्गल'बारे कुराकानी चल्यो । कसैले 'मङ्गल' भनेको राम्रो देख्नु हो भने । उठ्ने बित्तिकै सेतो गाई, गर्भवती आइमाईलाई देख्नु मङ्गल हो भने । यस कुरालाई कसैले विश्वास गरे । यसरी विश्वास गर्नेहरूलाई 'दृष्टमाङ्गलिक' भनियो ।




कसैले भने. - हेर्नु देख्नु मङ्गल होइन बरू सुन्नु मङ्गल हो । 'आऊ, 'भोजन गर' आदि शब्द सुन्न पाउनुचाहिँ मङ्गल हो अरू होइन । यस धारणालाई कसैले स्वीकार गरे भने कसैले स्वीकार गरेनन् । स्वीकार गर्नेहरूलाई 'सुतमाङ्गलिक' भनियो ।

यस धारणालाई विश्वास गर्ने र नगर्ने दुबैप्रति विश्वास नगर्नेहरूले सुँघ्नु, स्वाद लिनु, स्पर्श गर्नुलाई 'मङ्गल' भने । बिहान उठ्नेबित्तिकै हरियो घाँस छुने, गोबर छुने र शुद्ध वस्त्र लाउनु आदि मङ्गल हुन् भनी उनीहरूले भने । यो कुरा कतिले स्वीकार गरे, कतिले गरेनन् । यसरी स्वीकार गर्नेहरूलाई 'मुतमाङ्गलिक' भनियो ।

यसरी मङ्गलविषयमा थरी-थरीका विचार उत्पन्न भयो र मानिसहरू थरी - थरीका समूहमा विभाजित भए । जहाँतहीँ यस्तै मङ्गलविषयमा मात्रै कुरा चल्थ्यो । यस चर्चा मनुष्यलोकमा हुँदै देवलोकसम्म र ब्रह्मलोक पर्यन्त चर्चाको विषय बन्न गयो तर त्यहाँ पनि मङ्गलको सही कारण पत्ता लगाउन भने सकिएन । त्यसकारण



Pariyatti Book 2.pmd 46 3/28/2012, 9:53 AM

देवताहरू जम्मा भई देवराज इन्द्रसँग सोध्न गए किन्तु इन्द्रले पनि चित्तबुझ्ने गरी बताउन सकेनन् । त्यसकारण स्वयं इन्द्रले त्यस प्रश्नको उत्तर सर्वज्ञ बुद्ध एकजनाले बाहेक अरूले बताउन सक्दैन भनी विचार गरे । त्यसकारण इन्द्रले कुनै एक देवतालाई बुद्धकहाँ गई सोध्न पठाए ।

इन्द्रको आदेशअनुसार त्यो देवता अरू धेरै देवताहरूलाई साथलिएर मध्य रातमा श्रावस्तीको जेतवन विहार नै जाज्वल्यमान हुने गरी त्यहाँ पुगे । उनी भगवान् बुद्धलाई वन्दना गरी एक ठाउँमा बसे र प्रार्थना गरे – "भो भगवन्, कल्याणको आकांक्षा गरी धेरै देवताहरू र मनुष्यहरूबीच मङ्गलको विषयमा वाद-विवाद चल्यो तर मङ्गल के हो भनी थाहा पाउन सकिएन । त्यसकारण हामीमा अनुकम्पा राखी मङ्गलविषय आज्ञा गर्नुहोस् ।"

त्यस देवताको प्रार्थना स्वीकार गरी बुद्धले अड्तीस प्रकारका मङ्गल हुने कारण विषयमा धर्मदेशना गर्नुभयो । सो धर्मदेशनामा उल्लेख भएका कुरालाई नै मङ्गलसूत्र भनिन्छ । त्यस मङ्गलधर्मलाई सबैले स्वीकार गरी अनुमोदन गरेका थिए । तथागतले त्यस मङ्गलसूत्रदेशना गर्नुभएको बेलामा एक हजार कोटि देवताहरू अर्हत भए । श्रोतापन्नादि भएका त गिन्ती नै थिएनन् । यसरी भगवान् बुद्धबाट मङ्गलसम्बन्धी उपदेश सुनिसकेपछि हर्षित भई सबै देवताहरू आ-आफ्ना ठाउँमा फर्केर गए ।

भोलिपल्ट भगवान् बुद्धले आनन्दलाई 'मङ्गलसूत्र' उपदेश गर्नुभयो । आनन्दले अरू भिक्षुहरूलाई सिकाउनुभयो । यस प्रकारले संसारमा मङ्गलधर्म उत्पन्न भयो । "सुत्तनिपात अट्ठकथा' पुस्तकमा उल्लेख भएको मङ्गलसूत्र यस प्रकार छ :–

## मङ्गल-सुत्तं

**यं मंगलं द्वादस हि, चिन्तयिंसु सदेवका ।**
**सोत्थानं नाधिगच्छन्ति, अट्ठतिंसञ्च मंगलं ॥**

**देसितं देवदेवेन, सब्बपापविनासनं ।**
**सब्बलोकहितत्थाय, मंगलं तं भणाम हे ॥**

एवं मे सुतं-एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स

आरामे । अथ खो अञ्ञतरा देवता, अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा, केवलकप्पं जेतवनं ओभासेत्वा, येन भगवा तेनुपसंकमि । उपसंकमित्वा, भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि । एकमन्तं ठिता खो सा देवता, भगवन्तं गाथाय अज्झभासि ।

**बहू देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं ।**
**आकङ्खमाना सोत्थानं, ब्रुहि मङ्गलमुत्तमं ॥१॥**

**असेवना च बालानं, पण्डितानं च सेवना ।**
**पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ॥२॥**

**पतिरूप देसवासो च, पुब्बे च कतपुञ्ञता ।**
**अत्तसम्मापणिधि च, एतं मङ्गलमुत्तमं ॥३॥**

**बाहुसच्चञ्च सिप्पञ्च, विनयो च सुसिक्खितो ।**
**सुभासिता च या वाचा, एतं मङ्गलमुत्तमं ॥४॥**

**मातापितु उपट्ठानं, पुत्तदारस्स सङ्गहो ।**
**अनाकुला च कम्मन्ता, एतं मङ्गलमुत्तमं ॥५॥**

**दानं च धम्मचरिया च, ञातकानञ्च सङ्गहो ।**
**अनवज्जानि कम्मानि, एतं मङ्गलमुत्तमं ॥६॥**

**आरति विरति पापा, मज्जपाना च सञ्ञमो ।**
**अप्पमादो च धम्मेसु, एतं मङ्गलमुत्तमं ॥७॥**

**गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता ।**
**कालेन धम्मसवनं, एतं मङ्गलमुत्तमं ॥८॥**

**खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं ।**
**कालेन धम्मसाकच्छा, एतं मङ्गलमुत्तमं ॥९॥**

**तपो च ब्रह्मचरियञ्च, अरियसच्चानदस्सनं ।**
**निब्बानसच्छिकिरिया च, एतं मङ्गलमुत्तमं ॥१०॥**



Pariyatti Book 2.pmd 48 3/28/2012, 9:53 AM

**फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।**
**असोकं विरजं खेमं, एतं मङ्गलमुत्तमं ॥११॥**


**एतादिसानि कत्वान, सब्बत्थमपराजिता ।**
**सब्बत्थ सोत्थिं गच्छन्ति, तं तेसं मङ्गलमुत्तमं ॥१२॥**

**मङ्गलसुत्तं निट्ठितं**

## मङ्गल-सूत्रको अर्थ

देवता र मानिसहरूले बाह्र वर्षसम्म विचार गर्दा पनि टुङ्गो लगाउन नसकिएका अड्तीस मङ्गल-सूत्रबारे देवाधिदेव हुनुभएका बुद्धले सम्पूर्ण पाप नाश हुने मङ्गल उपदेश गर्नुभयो । त्यही माङ्गलिक उपदेश सम्पूर्ण सत्त्वलोकको हितार्थ स्मरण गरौँ । यसलाई पाठ गरौँ ।

एक दिन भगवान् बुद्ध श्रावस्तीको अनाथपिण्डिक महाजनले बनाएको जेतवनाराममा विहार गरिरहनुभएको थियो । त्यस बखत एक देवता रात्रीको प्रहरपछि मध्यम रात्रीको प्रहरमा आफ्नो दिब्य प्रकाशद्वारा सिङ्गो जेतवन जाज्वल्यमान हुने गरी प्रकाशित गर्दै भगवान् बुद्ध उपस्थित रहनुभएको ठाउँमा पुगेर अभिवादनपछि एक योग्य ठाउँमा बसे । समीपमा बसिरहेका त्यस देवताले भगवान् बुद्धलाई गाथाद्वारा यसरी भने –



धेरै देवताहरू र मनुष्यहरू सँगै बसेर धेरै वादविवाद गरे तर पनि टुङ्गो नलागेकाले भो भगवान् यहाँबाट मङ्गलबारे उपदेश दिनुहोस् ।

त्यसपछि भगवान्बाट उपदेश भयो–

धेरै देवताहरू र मनुष्यहरूले मनमा राम्रो भाव राखेर चिन्तन गरेको कुरा मङ्गल हुन्, ती उत्तम मङ्गल हुन् ॥१॥



Pariyatti Book 2.pmd 49 3/28/2012, 9:53 AM

मूर्खहरूको सङ्गत नगर्नु, पण्डितहरूको सङ्गत गर्नु, पूज्यहरूको पूजा गर्नु, यी उत्तम मङ्गल हुन् ॥२।

अनुकूल भएको स्थानमा निवास गर्नु, पूर्वजन्मको संचित पुण्य हुनु, आफूलाई सम्यक् मार्गमा लानु, यी उत्तम मङ्गल हुन् ॥३॥

बहुश्रुत हुनु, शिल्प-विद्या सिक्नु, विनयमा सुशिक्षित हुनु, सुभाषित हुनु, यी उत्तम मङ्गल हुन् ॥४॥

आमा-बाबुको सेवा गर्नु, स्त्री, छोरा-छोरीहरूको पालन-पोषण गर्नु, गोलमाल हुने नराम्रो काम नगर्नु, यी उत्तम मङ्गल हुन् ॥५॥

दान दिनु, धर्माचरण गर्नु, आफ्ना ज्ञातिवन्धुहरूको संग्रह गर्नु, निर्दोष काम गर्नु, यी उत्तम मङ्गल हुन् ॥६॥

काय, वाक् र चित्तलाई पापबाट टाढा राख्नु, मद्यपान नगर्नु, धर्म कार्यमा अप्रमादी हुनु, यी उत्तम मङ्गल हुन् ॥७॥

गौरब राख्नु, विनम्र हुनु, सन्तुष्ट हुनु, कृतज्ञ हुनु, समय-समयमा धर्मको कथा सुन्नु, यी उत्तम मङ्गल हुन् ॥८॥

क्षान्तिशील हुनु, आज्ञाकारी हुनु, श्रमणहरूको दर्शन गर्नु, समय समयमा धार्मिक छलफल गर्नु, यी उत्तम मङ्गल हुन् ॥९॥

तपस्या गर्नु अथवा असल शुभकार्यको लागि आउने कष्ट सहनु, ब्रह्मचर्य पालन गर्नु, चार आर्यसत्य धर्मलाई देख्नु बुझ्नु, निर्वाणलाई साक्षात्कार गर्नु, यी उत्तम मङ्गल हुन् ॥१०॥

लाभ-अलाभ, यश-अपयश, निन्दा-प्रशंसा, सुख-दुःखको आठ लोक-धर्म बुझी यसबाट चित्त विचलित नगर्नु, निशोकी हुनु, राग द्वेष मोहरूपी धूलोबाट बच्नु, निर्भयी हुनु, यी उत्तम मङ्गल हुन् ॥११॥

यस्तो अड्तीस प्रकारका मङ्गल कर्म गर्दा सर्वत्र अपराजित भई सर्वत्र कल्याण प्राप्त हुनेछ । यी नै देवता र मनुष्यहरूको निम्ति उत्तम मङ्गल हुन् ॥१२॥

मङ्गलसूत्रको अर्थ समाप्त



Pariyatti Book 2.pmd 50 3/28/2012, 9:53 AM

## ३८ प्रकारका मंगलहरू

१. मूर्खहरूको संगत नगर्नु
२. पण्डितहरूको संगत गर्नु
३. पूज्यहरूको पूजा गर्नु
४. अनुकूल स्थानमा बास गर्नु
५. पूर्व-जन्मको संचित पुण्य हुनु
६. आफूलाई सम्यक् मार्गमा दोर्‍याउनु
७. बहुश्रुत हुनु
८. शिल्प विद्यामा पारंगत हुनु
९. विनयमा सुशिक्षित हुनु
१०. सुभाषित हुनु
११. आमा बाबुको सेवा गर्नु
१२. श्रीमती छोरा छोरीहरूको भरणपोषण गर्नु
१३. आकुल-व्याकुल हुने कार्य नगर्नु
१४. दान दिनु
१५. धर्माचरण गर्नु
१६. ज्ञातिबन्धुहरूलाई संग्रह गर्नु
१७. निर्दोष कार्य गर्नु
१८. काय वाक् चित्तलाई पापकर्मबाट टाढा राख्नु
१९. मद्यपान नगर्नु
२०. धर्म कार्यमा अप्रमादी हुनु
२१. गौरव राख्नु
२२. विनम्र हुनु
२३. संन्तुष्ट हुनु
२४. कृतज्ञ हुनु
२५. धर्म श्रवण गर्नु
२६. क्षान्तिशील हुनु
२७. आज्ञाकारी हुनु
२८. श्रमणहरूको दर्शन गर्नु
२९. धार्मिक छलफल गर्नु
३०. शुभकार्यका लागि कष्ट सहनु
३१. तपस्या गर्नु
३२. ब्रह्मचर्य पालन गर्नु
३३. चार आर्यसत्य साक्षात्कार गर्नु
३४. निर्वाण साक्षात्कार गर्नु
३५. अष्टलोक धर्मबाट चित्त कम्पित नगर्नु
३६. निशोकी हुनु
३७. चित्तलाई राग द्वेष मोहरूपी धूलोबाट बचाउनु
३८. निर्भयी हुनु



Pariyatti Book 2.pmd 51 3/28/2012, 9:53 AM

# अभ्यास

**शब्दार्थ :**

| | | |
|---|---|---|
| संस्थागार | - | सभामण्डप |
| स्पर्श | - | छुनु |
| सर्वज्ञ | - | सबै थाहा पाउने |
| कोटी | - | करोड |
| अर्हत् | - | अरूले गरेको पूजा स्वीकार्न योग्य हुनुभएका, क्लेश सबै नाश गरिसकेका |
| श्रोतापन्न | - | निर्वाणको श्रोतधार पुगीसकेका |

**१ उत्तर दिनुहोस् -**

क) मङ्गल भनेको के हो ? ती कति प्रकारका छन् ?

ख) दृष्टमाङ्गलिक विश्वास गर्नेहरू कस्तालाई भनिन्छ ?

ग) "अगाडि बढ, भोजन गर" आदि शब्द सुन्ने मङ्गल हुन् भन्नेहरूलाई के माङ्गलिक भनिन्छ ।

घ) कस्तालाई मुतमाङ्गलिक विश्वासी भनिन्छ ?

ङ) देवराज इन्द्रले पनि मङ्गलको अर्थ थाहा पाउन नसकेपछि कहाँ सोध्न पठाए ?

**२ तल दिइएका पालिवाक्य पूरा गरी सार्नुस् -**

क) एवं मे सुतं, एकं समयं भगवा .................................................. आरामे ।

ख) बहु देवा मनुस्सा .................................................. मङ्गलमुत्तमं ।

ग) बाहुसच्चञ्च .................................................. मङ्गलमुत्तमं ।

घ) खन्ती च .................................................. मङ्गलमुत्तमं ।

**३. तल लिखित पालिगाथाको अर्थ लेख्नुस् -**

क) मातापितु उपट्ठानं, पुत्तदारस्स सङ्गहो ।<br>
अनाकुला च कम्मन्ता, एतं मङ्गलमुत्तमं ॥

ख) असेवना च बालानं, पण्डितानञ्च सेवना ।<br>
पूजा च पूजनेय्यानं, एतं मङ्गलमुत्तमं ॥


ग) गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता ।<br>
कालेन धम्मसवनं, एतं मङ्गलमुत्तमं ॥



Pariyatti Book 2.pmd 52 3/28/2012, 9:53 AM

# त्रिरत्न-वन्दना

भगवान् बुद्धलाई वन्दना गर्ने अवस्थामा अरहादि नव बुद्ध-गुण स्मरण गरी पूजा गर्नुपर्छ । बुद्धवन्दना गर्ने बेला वाचन गर्नुपर्ने पंक्ति यसप्रकारका छन्-



## बुद्ध-वन्दना

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जचरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्मसारथी, सत्था देवमनुस्सानं, बुद्धो, भगवा'ति ।



Pariyatti Book 2.pmd 53 3/28/2012, 9:53 AM

**नमो तस्स सम्मासम्बुद्धस्स ।**

**ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता ।**
**पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ॥**

**नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।**
**एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥**

**उत्तमङ्गेन वन्देहं, पादपंसु वरुत्तमं ।**
**बुद्धे यो खलितो दोसो, बुद्धो खमतु तं ममं ॥**

**बुद्धं जीवितपरियन्तं, सरणं गच्छामि ।**

## बुद्ध-वन्दनाको अर्थ

वहाँ भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।

वहा भगवान् अर्हत्, सम्यक्सम्बुद्ध, विद्याचरणले सम्पन्न, सुगत, लोकविज्ञ, पुरुषहरूलाई दमन गर्नमा अनुपम सारथी, देव-मनुष्यहरूका शास्ता, बुद्ध, भगवान् हुनुभएको छ । हुनुहुन्छ ।

वहाँ सम्यक्सम्बुद्धलाई नमस्कार ।

अघि हुनुभएका बुद्धहरूलाई पनि, पछि हुने बुद्धहरूलाई पनि, अहिले हुनुभएका बुद्धहरूलाई पनि म सधैं वन्दना गर्दछु ।


बुद्ध एकजनाबाहेक अरू मेरोलागि शरण छैन । बुद्ध नै मेरो उत्तम शरण हो । यो सत्यवचनको प्रभावद्वारा मलाई जयमङ्गलहोस् ।

वहाँको पादमा रहेको धूलोलाई समेत म श्रेष्ठोत्तम सम्झी शिरद्वारा वन्दना गर्दछु । यदि बुद्धप्रति मबाट कुनै अपराध हुनगएको भए त्यसलाई बुद्धले क्षमा गरिदिऊन् ।

जीवन रहुन्जेलसम्म म बुद्धको शरणमा जान्छु ।



Pariyatti Book 2.pmd 54 3/28/2012, 9:53 AM



## धर्म-वन्दना

स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको,
ओपनयिको, पच्चत्तं वेदितब्बो विञ्ञूही 'ति ।


नमो तस्स निय्यानिकस्स धम्मस्स ।

ये च धम्मा अतीता च, ये च धम्मा अनागता ।
पच्चुप्पन्ना च ये धम्मा, अहं वन्दामि सब्बदा ॥

नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥

उत्तमङ्गेन वन्देहं, धम्मं च दुविधं वरं ।
धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं ॥

धम्मं जीवितपरियन्तं, सरणं गच्छामि



## धर्म-वन्दनाको अर्थ

भगवान् बुद्धको धर्म सुआख्यात, सांदृष्टिक, अकालिक, एहिपश्यिक, औपनयिक र विद्वद्जनहरूले प्रत्यक्ष गरी थाहा पाउनुपर्ने हो ।

त्यसप्रकारका निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार ।

अघि भएका धर्मलाई पनि, पछि हुने धर्मलाई पनि, अहिले भएका धर्मलाई पनि सधैं वन्दना गर्दछु ।

धर्मबाहेक मेरोलागि अरू शरण छैन । धर्म नै मेरो उत्तम शरण हो । यो सत्य-वचनको प्रभावद्वारा मेरो जयङ्गल होस् ।

दुइप्रकारबाट पनि उत्तम भएको धर्मलाई म शिरद्वारा वन्दना गर्दछु ।

यदि धर्मप्रति मबाट कुनै अपराध हुन गए त्यसलाई धर्मद्वारा क्षमा गरिदिनुहोला । जीवन रहुन्जेलसम्म म धर्मको शरणमा जान्छु ।

यति वाचन गरिसकेपछि सबैले धर्म-गुणलाई सादर पञ्चाङ्गवन्दना गरे ।

## संघ-वन्दना

सुप्पटिपन्नो भगवतो सावकसंघो, उजुप्पटिपन्नो भगवतो सावकसंघो, ञायप्पटिपन्नो भगवतो सावकसंघो, सामीचिप्पटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिसपुग्गला एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलीकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

**नमो तस्स अट्ठारियपुग्गल-महासंघस्स ।**

**ये च संघा अतीता च, ये च संघा अनागता ।**
**पच्चुप्पन्न च ये संघा, अहं वन्दामि सब्बदा ॥**

**नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं ।**
**एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥**

**उत्तमङ्गेन वन्देहं, संघञ्च तिविधुत्तमं ।**
**संघे यो खलितो दोसो, संघो खमतु तं ममं ॥**

**संघं जीवितपरियन्तं, सरणं गच्छामि ।**

## संघ-वन्दनाको अर्थ

भगवान् बुद्धका श्रावकसंघहरू सुप्रतिपन्न छन् । भगवान् बुद्धका श्रावकसंघहरू ऋजुप्रतिपन्न छन् । भगवान् बुद्धका श्रावकसंघहरू न्यायप्रतिपन्न छन् । भगवान् बुद्धका श्रावकसंघहरू सामीचिप्रतिपन्न छन् । वहाँहरू जोडाअनुसार चारजोडा, एकएकजनाअनुसार आठजना पुद्‍गलहरू हुन् । यी तथागतका श्रावकसंघहरू आह्वानगरी बोलाउन योग्य, अतिथीको रूपमा सत्कार गर्न योग्य, दान दक्षिणा दिन योग्य, दुबै

हात जोडी नमस्कार गर्न योग्य र लोकमा अतुलनीय पुण्यरूपी बिउ रोप्ने खेत समान छन् ।

त्यसप्रकारका अष्ट आर्य पुद्‌गल महासंघहरूलाई नमस्कार ।

अघि हुनुभएका संघहरूलाई पनि, पछि हुने संघहरूलाई पनि, अहिले हुनुभएका संघहरूलाई पनि म सधैं वन्दना गर्दछु ।

संघबाहेक अरू मेरो लागि शरण छैन । संघ नै मेरो उत्तम शरण हो । यो सत्यवचनको प्रभावद्वारा मेरो जयमङ्गल होस् ।

तीनप्रकारद्वारा उत्तम हुनुभएका संघहरूलाई म शिरद्वारा वन्दना गर्दछु । यदि संघप्रति मबाट कुनै अपराध हुनगएको भए त्यसलाई संघले क्षमा गरिदिनुहोस् ।

जीवन रहुन्जेलसम्म म संघको शरणमा जान्छु ।

## विविध पूजा

### जल-पूजा

**अधिवासेतु नो भन्ते, पानीयं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥१॥**

### खाद्य-पूजा

**अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥२॥**

### फलफूल-पूजा

**अधिवासेतु नो भन्ते, फलानि उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥३॥**

### भोजन-पूजा

**अधिवासेतु नो भन्ते, भोजनं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥४॥**



Pariyatti Book 2.pmd 58 3/28/2012, 9:54 AM

## व्यञ्जन-पूजा

अधिवासेतु नो भन्ते, व्यञ्जनं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु उत्तमं ॥५॥

## प्रदीप-पूजा

घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।
तिलोकदीपं सम्बुद्धं, पूजयामि तमोनुदं ॥६॥

## पुष्प-पूजा

वण्ण-गन्ध-गुणोपेतं, एतं कुसुमसन्ततिं ।
पूजयामि मुनिन्दस्स, सिरीपाद-सरोरूहे ॥७॥

पूजेमि बुद्धं कुसुमेन नेन, पुञ्ञेन मेतेन च होतु मोक्खं ।
पुप्फं मिलायाति यथा इदं मे, कायो तथा याति विनासभावं ॥८॥

## धूप-पूजा

गन्ध-सम्भार-युत्तेन, धूपेनाहं सुगन्धिना ।
पूजये पूजनेय्यन्तं, पूजा भाजनमुत्तमं ॥९॥

## चैत्य-पूजा

वन्दामि चेतियं सब्बं, सब्बठानेसु पतिट्ठितं ।
सारीरिक धातु महाबोधिं, बुद्धरूपं सकलं सदा ॥११॥

## आशिका

इमाय बुद्ध-पूजाय, कताय सुद्ध-चेतसा ।
चिरं तिट्ठतु सद्धमो, लोको होतु सुखी सदा ॥१२॥

इमाय बुद्ध-पूजाय, यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा, सब्बेपि तुट्ठमानसा ॥१३॥

पूरेत्वा दानसीलादि, सब्बापि दसपारमि ।
पत्वा यथिच्छितं बोधिं, फुस्सन्तु अमतं पदं ॥१४॥



Pariyatti Book 2.pmd 59 3/28/2012, 9:54 AM

## प्रतिपत्ति-पूजा

इमाय धम्मानुधम्म-पटिपत्तिया बुद्धं पूजेमि ।
इमाय धम्मानुधम्म-पटिपत्तिया धम्मं पूजेमि ।
इमाय धम्मानुधम्म-पटिपत्तिया संघं पूजेमि ।
अद्धा इमाय पटिपत्तिया जातिजराव्याधिमरणम्हा परिमुच्चिस्सामि ॥१५॥

## कामना

इमिना पुञ्ञकम्मेन, मा मे बालसमागमो ।
सतं समागमो होतु, याव निब्बानपत्तिया ॥१६॥

इदं मे पुञ्ञं आसवक्खयावहं होतु !
इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु !
इदं मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु ! ॥१७॥

## पुण्यानुमोदन

इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ।
इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ।
इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ॥१८॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवानुमोदन्तु, सब्बसम्पत्ति-सिद्धिया ॥१९॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे सत्तानुमोदन्तु, सब्बसम्पत्ति-सिद्धिया ॥२०॥

एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे भूतानुमोदन्तु, सब्बसम्पत्ति-सिद्धिया ॥२०॥
साधु ! साधु ! साधु !



Pariyatti Book 2.pmd 60 3/28/2012, 9:54 AM

# विविध पूजाको अर्थ

## जल-पूजाको अर्थ

भो भगवन्, तपाईंलाई पिउने जल अर्पण गर्दछौं, स्वीकार गर्नुहोस् । हामीप्रति अनुकम्पाराखी ग्रहण गर्नुहोस् ॥१॥

## खाद्य-पूजाको अर्थ

भो भगवन्, तपाईंलाई विभिन्न खाद्य-पदार्थ अर्पण गर्दछौं, स्वीकार गर्नुहोस् । हामीप्रति अनुकम्पाराखी ग्रहण गर्नुहोस् ॥२॥

## फलफूल-पूजाको अर्थ

भो भगवन्, तपाईंलाई फलफूल अर्पण गर्दैछौं, स्वीकार गर्नुहोस् । हामीप्रति अनुकम्पाराखी ग्रहण गर्नुहोस् ॥३॥

## भोजन-पूजाको अर्थ

भो भगवन्, तपाईंलाई भोजन अर्पण गर्दैछौं, स्वीकार गर्नुहोस् । हामीप्रति अनुकम्पाराखी ग्रहण गर्नुहोस् ॥४॥

## व्यञ्जन-पूजाको अर्थ

भो भगवन्, तपाईंलाई व्यञ्जन अर्पण गर्दैछौं, स्वीकार गर्नुहोस् । हामीप्रति अनुकम्पाराखी ग्रहण गर्नुहोस् ॥५॥

## प्रदीप-पूजाको अर्थ

त्रिलोकको प्रकाश हुनुभएका सम्यक्सम्बुद्धलाई अन्धकार नाशगर्ने चन्दन आदिको प्रदीपद्वारा पूजा गर्दैछौं ॥६॥

## पुष्प-पूजाको अर्थ

सुगन्धित र नाना रंगले युक्त राम्रो फूलद्वारा शाक्यमुनीन्द्र भगवान् बुद्धको श्रीचरणमा पूजा गर्दैछौं ॥७॥

यो फूलद्वारा बुद्धलाई पूजा गर्दैछौं । यसको पुण्यद्वारा मलाई मोक्ष लाभहोस् । यो फूल ओइलने झैं यो मेरो शरीर पनि विनाश भएर जानेछ ॥८॥

## धूप-पूजाको अर्थ

पूजा गर्न उत्तम पात्र हुनुभएका पूजनीय भगवान् बुद्धलाई यो सुगन्धले युक्त भएको धूपद्वारा पूजा गर्दैछौं ॥९॥

## चैत्य-पूजाको अर्थ

सबै ठाउँमा सुप्रतिष्ठित गरिराखेका चैत्यलाई, भगवान्को पवित्र धातुलाई महाबोधिवृक्षलाई र बुद्धरूपलाई पनि म सधैं वन्दना गर्दछु ॥१०॥

## क्षमायाचनाको अर्थ

भो भगवन्, यदि मबाट मेरो काय, वाक्, चित्तद्वारा बेहोश भई, नबुझी केही दोष हुन गए गम्भीरातिगम्भीर प्रज्ञा भएका तपाई तथागतले मलाई क्षमा गरिदिनुहोस् ॥११॥

## आशिकाको अर्थ

शुद्ध-चित्तले गरेको यो बुद्ध-पूजाद्वारा प्राप्त भएजति पुण्यको प्रभावद्वारा तथागतको सद्धर्म चिरस्थायी होऊन्, सबै लोकजन सुखी होऊन् ॥१२॥

यो बुद्धपूजाद्वारा मैले जति पुण्य प्राप्त गरेको छु, ती सबै पुण्य अनुमोदनगरी सबैको मन हर्षित होऊन् ॥१३॥

दानशीलादि दशपारमिता सबै पूरा गरी इच्छानुसार उत्तम बोधि प्राप्त गरी अमृत रूपी निर्वाणसुख अनुभव गर्न पाउने होऊन् ॥१४॥

## प्रतिपत्ति-पूजाको अर्थ

यस धर्मानुकूल धर्माचरणद्वारा बुद्धलाई पूजा गर्दैछु ।
यस धर्मानुकूल धर्माचरणद्वारा धर्मलाई पूजा गर्दैछु ।
यस धर्मानुकूल धर्माचरणद्वारा संघलाई पूजा गर्दैछु ।
यस धर्मानुकूल धर्माचरणद्वारा अवश्य पनि म जन्म जरा मरणबाट मुक्त हुन सक्ने होऊँ ॥१५॥



Pariyatti Book 2.pmd 62 3/28/2012, 9:54 AM

## कामनाको अर्थ

यस पुण्यको प्रभावद्वारा बालजनहरूको संगत गर्न नपरोस् । निर्वाणमा नपुगुंजेल सत्पुरूषहरूको संगत गर्न पाऊं ॥१६॥

मेरो यस पुण्यद्वारा मैले आश्रवक्षयहुने निर्वाणलाई धारण गर्न पाउने होऊं !
मेरो यस पुण्य निर्वाणको हेतु होओस् !
मेरो यस पुण्यद्वारा सबै सत्त्वहरू सुखी होऊन् ! ॥१७॥

## पुण्यानुमोदनको अर्थ

मेरो यस पुण्य हाम्रा ज्ञातिबन्धुहरूलाई प्राप्त होओस् । यस पुण्यको प्रभावद्वारा उनीहरू सुखी होऊन् !

मेरो यस पुण्य हाम्रा ज्ञातिबन्धुहरूलाई प्राप्त होओस् । यस पुण्यको प्रभावद्वारा उनीहरू सुखी होऊन् !

मेरो यस पुण्य हाम्रा ज्ञातिबन्धुहरूलाई प्राप्त होओस् । यस पुण्यको प्रभावद्वारा उनीहरू सुखी होऊन् ! ॥१८॥

यहाँसम्म हामीले प्राप्त गरिआएको पुण्य सम्पत्तिलाई सबै देवताहरूले सम्पूर्ण सिद्धि प्राप्तिको निम्ति अनुमोदन गरून् ॥१९

यहाँसम्म हामीले प्राप्तगरिआएको पुण्यसम्पत्तिलाई सबै सत्त्वहरूले सम्पूर्ण सिद्धि प्राप्तिको निम्ति अनुमोदन गरून् ॥२०॥

यहाँसम्म हामीले प्राप्तगरिआएको पुण्यसम्पत्तिलाई सबै भूत (प्राणी) हरूले सम्पूर्ण सिद्धि प्राप्तिको निम्ति अनुमोदन गरून् ॥२०॥



Pariyatti Book 2.pmd 63 3/28/2012, 9:54 AM

# अभ्यास

**शब्दार्थ :-**

महाकरूणा - ठूलो करूणा
महाप्रज्ञा - उच्च प्रज्ञा, (गहिरो भित्री ज्ञान)
श्रेष्ठोत्तम - श्रेष्ठ पनि उत्तम
पञ्चवर्गीय भिक्षुहरू - कौण्डिन्य, वप्प, भद्दिय, महानाम र अस्सजित पाँचजना भिक्षुहरू
सम्मुतिसंघ - उपसम्पदा प्राप्त गर्नुभएका मार्ग फलमा नपुगेका भिक्षुहरूको समूह ।
आशिका - इच्छा, कामना
आश्रव - तृष्णा र लठ लाग्ने गरी बानी बसेको अविद्या क्लेश
खाद्य - खाने वस्तु
जल - पानी
पुण्य - असल कामबाट प्राप्त हुने मनको शुद्धता
पुष्प - फूल
धूप - वासनायुक्त, धुंवा निस्कने वस्तुविशेष
प्रतिपत्ति - आचरण, भावना
प्रदीप - राम्ररी बलेको बत्ती
प्रमाद - बेहोश
व्यञ्जन - तरकारी, शारीरिक लक्षण, स्वर बिनाको अक्षर
सर्वत - फलफूलको रस

**१. खाली ठाउँमा भर्नुहोस् (पाँचवटामात्र) -**

क) इतिपि सो भगवा ........................ बुद्धो भगवा'ति ।
ख) नत्थि मे सरणं ........................ जयमङ्गलं ।
ग) ये च धम्मा अतीता ........................ सब्बदा ।
घ) स्वाक्खातो भगवता ........................ विञ्ञूँही'ति ।
ङ) सुप्पटिपन्नो भगवतो ........................ लोकस्सा'ति ।
च) उत्तमङ्गेन वन्देहं ........................ तं ममं ।



Pariyatti Book 2.pmd 64 3/28/2012, 9:54 AM

## २. कुनै तीनवटाको अर्थ लेख्नुस् -

क) ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता ।
पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ॥

ख) बुद्धं जीवितपरियन्तं सरणं गच्छामि ।

ग) नमो तस्स निय्यानिकस्स धम्मस्स ।

घ) नत्थि मे सरणं अञ्ञं संघो मे सरणं वरं ।
एतेन सच्चवज्जेन होतु मे जयमङ्गलं ॥

३. हामीले प्रतिदिन त्रिरत्न-वन्दना किन गर्नुपरेको हो ? बुद्ध, धर्म र संघका गुणहरू कति कतिवटा छन् ?

## ४. तल दिइएका पालिवाक्य पूरागर्नुस् -

क) अधिवासेतु नो भन्ते ................................................ उत्तमं ।

ख) वण्णगन्ध गुणोपेतं ................................................ विनासभावं ।

ग) इमाय धम्मानुधम्म-पटिपत्तिया ................................ परिमुच्चिस्सामि ।

## ५. तल दिइएका गाथाको अर्थ लेख्नुस् -

क) कायेन वाचा चित्तेन, पमादेन मया कतं ।
अच्चयं खम मे भन्ते, भूरिपञ्ञो तथागत ।

ख) इमाय धम्मानुधम्म-पटिपत्तिया बुद्धं पूजेमि ।

ग) इदं मे ञातीनं होतु, सुखिता होन्तु ञातयो ।

## ६. कुनै पाँचवटा प्रश्नको उत्तर दिनुस् -

क) भगवान् बुद्धलाई प्रदीपपूजा कसरी गर्ने ? गाथासहित लेख्नुस् ।

ख) पुष्प-पूजाको अर्थ लेख्नुस् ।

ग) चैत्य-पूजा गर्ने बेला कुन गाथा वाचन गर्नुपर्छ ? अर्थसहित लेख्नुहोस् ।


घ) धूप-पूजा कसरी गर्ने ?

ङ) "प्रतिपत्ति-पूजा" भनेको कस्तो पूजा हो ? लेख्नुस् ।


च) "पुण्यानुमोदन" भनेको के हो ? पुण्यानुमोदन कसरी गर्ने ?

छ) विविध-पूजाअन्तर्गत के के पूजा पर्छन् ? पूजाका नाममात्र लेख्नुस् ।

४. सुहाउँदो रंग भर्नुहोस् ।



५. सुहाउँदो रंग भर्नुहोस् ।



# रोचक कथाहरू

बुद्धका कुनै कुनै शिक्षा धेरै गहन भएको हुनाले बुझ्न गाऱ्हो हुन सक्छ । त्यसैले भगवान् बुद्धले सबैलाई सजिलो हुने गरी धर्मलाई बुझाउनका लागि धार्मिक कथाहरू सुनाउनुभयो । तल प्रस्तुत दशवटा कथाहरूले यस किताबमा भएका कुरा अझ राम्ररी बुझ्न सजिलो हुनेछ ।

## कृशा गौतमी

### पहिलो चतुआर्य सत्य - दु:ख सत्य

"कृशा" को अर्थ दुब्ली पातली हो । गौतमी नामकी केटी दुब्ली पातली भएकीले उनको नाम कृशा गौतमी रहन गएको हो ।



कृशा गौतमी धनी परिवारकी छोरी थिइन् र उनको विवाह एक धनी व्यापारीसँग भएको थियो । विवाह भएको धेरै वर्षपछि, खुसीको कुरो, उनी छोरोको आमा भइन् । तर आफ्नो त्यो छोरा एक वर्ष नपुग्दै बितेपछि उनको मनमा ठूलो चोट पऱ्यो । उनले त्यो दु:ख सहनै सकेनन् र जसरी पनि आफ्नो छोरोलाई बिउँत्याउने विचारले उनले आफ्नो बच्चालाई बिउँत्याइदिन सबैसँग गुहार माग्दै हिँडिन् । मरेको बच्चा बोक्दै र छिन-छिनमा तिनलाई अंगालो हाल्दै उनी बैद्यहरू, झाँक्रीहरूकहाँ पुगिन् र "मेरो यो



Pariyatti Book 2.pmd 67 3/28/2012, 9:54 AM

नानीलाई जसरी भए पनि बिउँत्याइदिनुस्, लौ न" भन्दै सबैसँग गुहार्न थालिन् । तर मरिसकेकोलाई फेरि जीवन कसले दिन सक्छ र सबैले उनीलाई सान्त्वना दिए र आफ्नो मरिसकेको बच्चालाई लिएर नहिँड्न सल्लाह दिए । तर उनी भने आफ्नो बच्चालाई छाड्दै-नछाडी तिनलाई काखी च्याप्दै भेटेजतिसँग गुहार माग्दै हिँडिरहिन् । अन्तमा एकजना बौद्ध अनुयायीले उनलाई बुद्धकहाँ पुगेर वन्दना गर्न सल्लाह दिए ।

कृशा गौतमी बुद्धकहाँ पुगिन् र आफ्नो दुःखको कथा बुद्धलाई रोईरोई सुनाउँदै प्रार्थना गरिन्, "भो भगवान्, मेरो यस बच्चालाई जसरी 'नि बिउँत्याइदिनुहोस् र मेरो उद्धार गरिदिनुहोस्" बुद्धले कृशाको सब कुरा बिस्तारपूर्वक सुन्नुभयो र गम्भीर भएर भन्नुभयो, "तिम्रो नानीलाई बिउँत्याउने एउटै मात्र उपाय छ । यसका लागि तिमीले मलाई केही तिल ल्याउन सक्नुपर्छ । त्यो तिल तिमी आफैँ घरघरमा गएर मागेर ल्याउनुपर्छ । फेरि महत्वपूर्ण कुरो के भने जुन घरबाट त्यो तिल ल्याउँछे त्यस घरका कोही पनि मरेको भने हुनुहुँदैन । यसमा विशेष ध्यान दिनुपर्ला ।" कृशा गौतमी तिल खोजी ल्याउन उत्साहित भएर त्यहाँबाट बाहिर गइन् ।

त्यसपछि कृशा तिल माग्न घरघर पुगिन् र माग्दै हिँडिन्, "मेरो, छोरोले सास फेर्न छाडेको छ, बुद्धले मलाई आजभन्दा पहिले कोही पनि नमरेको त्यस्तो घरपरिवारबाट तिल मागेर ल्याउनसके बिउँताइदिन्छु भन्नुभएको छ, त्यसैले मलाई अलिकति तिल दिनुस् न ।" गौतमीको कुरा सुन्नेहरू गौतमीको दुःखमा दुखी भए तर तिनीहरूले भने, "हाम्रो घरमा तिल त छ, तर परार हाम्रो बुबा बित्नुभएको थियो यस घरको तिल त कामलाग्ने भएन" गौतमी सबैजसो घरमा पुगे र सबै घरपरिवारमा कोही न कोही मरेको थियो भन्ने कुरा थाहा पाइन् र तिलको खोजी गर्दागर्दै कृशालाई सम्पूर्ण प्राणीहरू ढिलोचाँडो एक न एक दिन मर्नैपर्छ भन्ने ज्ञान भयो । त्यसपछि उनको मन शान्त भयो र उनले आफ्नो छोराको दाहसंस्कार गरिन् । त्यसको लगत्तै उनी बुद्धकहाँ फेरि पुगिन् र बुद्धको सच्चा अनुयायी बनिन् ।

# बाँदरलाई जालमा पाऱ्यो

## दोस्रो चतुआर्य सत्य - दुःखको कारण हुन्छ

यो चीनको कुरा हो –



बाँदरहरूको शिकार गर्ने एकजना शिकारीले बाँदरहरूलाई विशेष तरिकाले जालमा फसाउँने तरिका निकाल्यो । उसले नरिवलमा सानो प्वाल पारेर त्यसभित्र बाँदरलाई मनपर्ने स्वादिला बदामहरू राख्यो । त्यसपछि उसले नरिवलभित्र राखेका जस्तै बदामहरू नरिवलनजिकै यताउति छऱ्यो र आफू अलि पर चुप लाएर बाँदरहरू कुरेर बस्यो ।

केही छिनपछि चकचके बाँदरहरू त्यहाँ आइपुगे । तिनीहरूले पहिले भुँइमा छरिएका बदामहरू टिप्दै कपाकप खान थाले । त्यसपछि तिनीहरूमध्ये एकजनाले नरिवल लिएर त्यसभित्र हेऱ्यो । त्यहाँ उसले धेरै बदामहरू देख्यो । त्यसपछि उसले बदामहरू लिन भनी आफ्नो हात नरिवलभित्र घुसाऱ्यो र बदाम मुठ्यायो । बदाम आफ्नो मुट्ठीमा लिएको बाँदरको हात बाहिर निकाल्न खोज्दा भने बाहिर निस्केन, नरिवलभित्रै अड्कियो । पहिले हात छिराउँदा उसको हात खाली थियो त्यसैले सजिलै गरी नरिवलभित्र पसेको थियो तर अहिले बदामहरू मुठ्याएको उसको मुट्ठी नरिवलमा भएको प्वालभन्दा ठूलो भएकोले जति प्रयास गरेपनि, जति कराए पनि, मुख्य कुरो आफ्नो मुट्ठी खोल्न नचाहेकोले त्यस बाँदरको हात नरिवलबाट बाहिर निस्कँदै निस्केन र ऊ सजिलै शिकारीको जालमा पऱ्यो । उसले नरिवलको प्वालबाट आफ्नो हात निकाल्ने हो भने पहिले आफूले मुठ्याएका बदामहरू छाडेर आफ्नो मुट्ठी फुकाल्नु पर्थ्यो, तर लोभी बाँदरले त्यसो गर्न सकेन । यसरी लोभी भएको कारणले बाँदर सजिलै शिकारीको हातमा फँस्यो ।

# एक प्रसन्न भिक्षु

## तेस्रो चतुआर्य सत्य - दु:ख निरोध सत्य



एक समयमा धनी परिवार र ठूलो खानदानका एकजना मानिसले धनी र गरीब दुवै दु:खबाट मुक्त छैनन् भनी सोचे । त्यसैले भिक्षु भएर उनले जङ्गलमा गएर ध्यान भावनाको अभ्यास गर्न थाले । चाँडै नै उनका साथमा ५०० जना शिष्यहरू भए । ती शिष्यहरूमध्ये एकजना आफू सँधै हँसिलो रहने गर्थे र दु:खी भएर बस्नेलाई देखेपछि उनी हाँस्ने गर्थे । त्यस बृद्ध भिक्षुलाई त्यस युवक-भिक्षुको हँसिलोपन र सुखबारे थाहा भयो र उनले त्यस युवक भिक्षुलाई आफ्ना उपस्थापक बनाए । केही वर्षपछि ती भिक्षुहरू राजाको निमन्त्रणामा राजाको वगैंचामा वर्षावास बस्न पुगे । उनीहरूमध्ये जेष्ठ बृद्ध भिक्षुलाई राजाले त्यही बगैंचामा रहन अनुरोध गरे । यसरी उनीबाहेक अरू सबै पहिलेकै जङ्गलमा फर्के । त्यसपछि त्यो हँसिलो भिक्षु बृद्ध भिक्षु-संघको नाइके भयो । एक दिन त्यो हँसिलो भिक्षु दरवारमा बर्षाबास बसेका बृद्ध भिक्षुलाई भेट्न आए र त्यस बेला उनले यसो भने, "ओहो ! सुख, आहा ! सुख !"

राजा उनका शब्द सुनेर आत्तिए । यसले कहीँ मेरो राज्य त लिन आएका होइनन् भनी उनी भित्र भित्र डराए । राजाको त्यो अवस्थालाई बुझेर बृद्ध भिक्षुले यस्तो भने "शान्त हुनुहोस् महाराज, म तपाईंलाई यस हँसिलो युवा-भिक्षुबारे बताउँछु । धेरैले त्यस्तो कुरा जानेका हुँदैनन् । उनको सुख भिक्षु जिनको सुख हो । एक समय ऊ पनि तपाईंजस्तै राजा नै थिए । तर पछि संसार भयबाट टाढा रहन र दु:खबाट मुक्त हुन भिक्षु भएका हुन् । उनले जङ्गलमा एक्लै ध्यानको अभ्यास गरे । अब उनका लागि न सम्पत्ति हराउला कि भन्ने डर, न शक्ति गुम्ला भन्ने नै डर । उनी चिन्ताबाट

मुक्त छन् । उनको प्रज्ञा ज्ञानले गर्दा उनी सुरक्षित छन् । उनले साँच्चैको आन्तरिक शान्ति र सत्यको खोजी गरेर तिनलाई भेट्टाइसकेका छन् । त्यसैले उनी अहो सुख अहो सुखः भनेर कराएका हुन् ।" त्यसपछि राजाले अन्तमा हँसिलो त्यस भिक्षुलाई ठूलो सम्मान र श्रद्धा व्यक्त गरे ।

शिक्षा - धन र शक्तिमा अनाशक्त भएको मानिसले साँच्चैको सुख र शान्ति प्राप्त गर्दछ । यो नै तेस्रो चतुआर्य सत्य हो ।

## डुङ्गा

### चौथो चतुआर्य सत्य - दुःख निरोधगामीनी प्रतिपाद ।

एकजना मानिस डाँकाहरूको पञ्जाबाट भागेर हुनसम्म छिटो दगुरिरहेको थियो । नदीवारि सुरक्षा नदेखेर उसले नदीपारि जाने निधो गऱ्यो । तर नदीपारि पुग्नका लागि त्यहाँ कुनै डुङ्गा भने थिएन । हत्तपत्त उसले केही रूखका हाँगाहरू बटुल्यो र त्यसलाई डोरीले बाँधेर नाउजस्तै बनायो र त्यसको मदतले उनले नदीपारि पुगेर आफ्नो ज्यान जोघायो ।



बुद्धले बताउनुभएको आर्य अष्टाङ्गिक मार्ग भनेको त्यो नाउजस्तै हो । यसले वारिपट्टिको दुःखको अवस्थाबाट पारिपट्टिको दुःख नभएको ठाउँमा पुऱ्याउँछ ।



शिक्षा - भगवान बुद्धले सिकाउनुभएको आर्य अष्टाङ्गिक मार्ग त्यो डुंगा जस्तै हो जसले दुःखको अवस्थाबाट पारिपट्टि अर्थात् दुःखबाट मुक्त अवस्थामा पुऱ्याउँछ ।



Pariyatti Book 2.pmd 71 3/28/2012, 9:54 AM

# आकाशलाई फोहोर पार्न सक्दैनौ

## मार्गसत्य सम्यक् वचन - अरूलाई चोट पर्ने कुरा नगर



एकदिन एउटा रिसालु मानिस भगवान् बुद्धकहाँ पुगे । त्यस मान्छेले भगवान् बुद्धलाई अति नराम्रा शब्दहरू प्रयोग गरेर जथानाम गाली गरे । जस्तोसुकै गाली गर्दा पनि भगवान् बुद्ध भने शान्त र सौम्य भएर उसका कुरा सुनिरहनुभयो । अन्तमा त्यो मान्छे आफैँ गालि गर्दा-गर्दा थाके । त्यसपछि मात्रै बुद्धले त्यसलाई प्रश्न गर्नुभयो, "हेर्नुस्, कसैले तपाइँलाई केही दिने इच्छा गर्छ, तर त्यस बेला तपाइँ त्यसलाई स्वीकार गर्नुहुन्न भने दिन खोजिएको त्यो वस्तु कसको हातमा रहेको हुन्छ, भन्नुस् त ?" त्यस मानिसले उत्तर दिए, "अवश्य पनि त्यो वस्तु जो व्यक्तिले दिन चाहेका थिए त्यसकै हातमा हुन्छ ।"

"त्यसरी नै तिम्रो गाली मैले लिइनँ भने अब तिमीले गरेको गाली कोसँग छ त ? "बुद्धले फेरि सोध्नुभयो । त्यो मान्छे त्यसपछि झस्किए । बुद्धले उसलाई सम्झाउँदै यस्तो भन्नुभयो, "कसैले आकाशलाई फोहोर पार्छु भनेर थुके त्यो थुक त्यस मान्छेकै मुखमा पर्छ, हैन त ? त्यसैले गाली गर्नेजस्तो नराम्रो काम र नराम्रो विचार गर्न छाड्नुपर्छ र त्यस्तो काम गर्न हुँदैन ।"

त्यस मानिसले भगवान् बुद्धको कुरालाई निकै ध्यान दिएर सुन्यो ।


शिक्षा - राम्रा र दयालु शब्दहरूको प्रयोग गर्नुपर्छ । जसले हाम्रो साथै अरूको पनि हित हुन्छ र अरूलाई पनि सुख हुन्छ ।

हेर, कसैले तिमीलाई ........, तिमीले .................... गर्दैनौ ............ भन त ?

# नालागिरी हात्ती

## मैत्री भावना

देवदत्त भगवान् बुद्धका शिष्य हुन् । उनी भगवान् बुद्धका मामापट्टिका भाइ हुन् । त्यसैले देवदत्तले बुद्धपछि आफू संघको नायक बन्छु भनेर सोचेका थिए । तर बुद्धले भने उनलाई पनि अरूहरूलाई जस्तै मात्र व्यवहार गर्नुहुन्थ्यो किनभने बुद्ध सबैलाई समान व्यवहार गर्नुहुन्थ्यो । त्यसले गर्दा देवदत्तको मनमा ठूलो ईर्ष्या भयो र उनले बुद्धलाई दुःख दिने कामहरू गर्न थाले ।



त्यस बेला कुनै गाउँमा एउटा हात्तीले मान्छे मार्दै हिँडेको थियो । उसको नाम नालागिरी थियो । एक दिन देवदत्तले आफ्नो मनमा भगवान् बुद्धप्रति नराम्रो विचार राखेर त्यस नालागिरीलाई धेरै रक्सी ख्वाउन लाएर मत्ता बनाउन लाए । त्यसपछि बुद्ध आउने-जाने बाटोमा नालागिरीलाई छाडिदिए । नभन्दै नालागिरी हात्ती भगवान् बुद्धको सामुन्ने पुग्नै लाग्यो । सबै मानिसहरू भागाभाग गर्न थाले । उनीहरू चिच्याउन थाले "पागल हात्ती आयो ! भाग भाग !! ज्यान बचाऊ"

भगवान् बुद्ध भने सधैँ झैँ शान्त हुनुहुन्थ्यो । जति जति नालागिरी हात्ती नजिक आयो त्यति त्यति नै भगवान् बुद्धले मैत्रीभाव प्रकट गर्नुभयो । क्या गजब त्यस हात्तीमा पनि बुद्धको मैत्रीभावको प्रभाव पर्न थाल्यो । बिस्तारै नालागिरी हात्तीले भगवान्को पाउमा झुकेर वन्दना पो गर्‍यो ।

मैत्रीभावले गर्दा रीस पनि सम्मानमा बदल्न सक्छ ।



Pariyatti Book 2.pmd 73 3/28/2012, 9:54 AM

# अभ्यास

## १. तलका वाक्य कसले कसालाई भनेको हो, लेख्नुहोस् ।

क) "तिम्रो नानीलाई बिउँज्याउने एउटै मात्र उपाय छ ।"

ख) "शान्त हुनुहोस् महाराज । म तपाईलाई यस हसिलो युवा भिक्षु बारे बताउँछु ।"

ग) "अवश्य पनि त्यो वस्तु जो व्यक्तिले दिन चाहेका थिए त्यसकै त्यसकै हातमा हुन्छ ।"

घ) "कसैले आकाशलाई फोहर गर्छु भनेर थुके त्यो थुक त्यस मान्छेकै मुखमा पर्छ ।"

ङ) "पागल हात्ति आयो ! भाग भाग ! ज्यान बचाउ ।"

## २. खालि ठाउँ भर्नुहोस् ।

क) कृशाको अर्थ ............... हो ।

ख) बांदरहरूले भुईमा रहेका बदामहरु टिप्दै ............... थाले ।

ग) वृद्ध भिक्षुले हंसिलो युवक भिक्षुलाई ............... बनाए ।

घ) धन र शक्तिमा ............... भएको मानिसले सांच्चैको सुख र शान्ति प्राप्त गर्दछ ।

ङ) मैत्री भावले गर्दा ............... पनि सम्मानमा बदल्न सक्छ ।

## ३. तलका शब्दहरू प्रयोग गरी उपयुक्त वाक्यहरू बनाउनुहोस् ।

गुहार, कपाकप, शिकारी, सुख, मैत्री, ईर्स्या

## ४. सही उत्तर मा ठीक चिन्ह लगाउनुहोस् ।

क) बुद्धले कृशा गौतमीलाई के ल्याउन भन्नुभयो ?

i) चामल ii) तिल iii) चिउरा iv) गहुं



Pariyatti Book 2.pmd 74 3/28/2012, 9:54 AM

ख) शिकारीले नरिवल भित्र के राखे ?

i) बदाम ii) भटमास iii) मकै iv) केरा

ग) बांदरले नरिवलको प्वालबाट हात किन निकाल्न सकेन ?

i) हात ठूलो भएकोले ii) प्वाल सानो भएकोले iii) लोभी भएकोले iv) बुद्धि नभएकाले

घ) वृद्ध भिक्षुका कतिजना शिष्यहरु थिए ?

i) २०० ii) ५०० ii) ६०० iv) १०००

ङ) रिसालु मान्छेले भगवान बुद्धलाई के गरे ?

i) वन्दना ii) प्रशंसा ii) गाली iv) प्रश्न

च) देवदत्तले हात्तिलाई के ख्वाएका थिए ?

i) रक्सि ii) औषधी iii) खुर्सानी iv) भांडा

छ) देवदत्तमा भगवान बुद्ध प्रति कस्तो भावना थियो ?

i) मैत्री ii) ईर्ष्या iii) गलत iv) पूजा

## ५. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क) कृषा गौतमीलाई भगवान बुद्धले कसरी ज्ञान दिनु भयो ?

ख) लोभको कारण दुःख हुन्छ भन्ने कुरालाई बांदरको कथाको आधारमा लेख्नुहोस् ।

ग) युवक भिक्षुले किन "अहो सुख, अहो सुख" भनेका हुन् ?

घ) भगवान् बुद्धले रिसालु मानिसलाई कसरी ज्ञान दिनुभयो ? कथाको आधारमा लेख्नुहोस् ।

ङ) देवदत्तले भगवान बुद्धलाई किन ईर्ष्या गरेका हुन् ?

च) नालागिरी हात्तिले भगवान बुद्धलाई किन वन्दना गरेको हो ?

# नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

हाम्रो देशमा बुद्ध-धर्म सम्बन्धी अध्ययन र अध्यापन गर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशूली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर त्रिशुली सुगतपुर विहारमा पाल्नुभएको बेलामा वि.सं. २०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो। जुन परीषा क्रममा १ कक्षादेखि ५ कक्षासम्म परीक्षार्थीहरु उत्तीर्ण पनि भयो। त्यसपछि भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशुली' ले "अखिल नेपाल भिक्षु महासंघ" मा प्रस्ताव पेश गरे अनुसार ५ बैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाकार्य अधिराज्यभरी संचालन गर्ने गरी स्वीकार गरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गर्ने निर्णय भयो। त्यसै बैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ "अखिल नेपाल भिक्षु महासंघ" का अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविरको ६४ औं जन्मदिनमा उद्घाटन भयो।

"अखिल नेपाल भिक्षु महासंघ" को निर्णय अनुसार बु.सं. २५०७ को बुद्ध-जयन्तीको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्य भरी ठिक ८:४५ बजे बिहान "नेपाल बौद्ध परियत्ति शिक्षा" को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो। यस सन्देश रेडियो नेपालबाट पनि त्यसै समयमा प्रसारण गरिदियो।

बि.सं. २०२०, आषाढ १८ गते (ने.सं. १००८, दिल्लागा ११) को दिनमा अ.ने.भि.महासंघको बैठकको निर्णय अनुसार बौद्ध परियत्ति शिक्षाको पहिलो परीक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्था गर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो। त्यस्तै महासंघको मैत्रीले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरु नियुक्त गरियो। पहिलो परीक्षा बि.सं. २०२० आश्विन २८ गते (अक्टोबर १४, १९६३) देखि भयो। पहिलोदेखि छैठौं परीक्षामा आशातीत सफलता र बुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहबर्द्धक वातावरणको फलस्वरुप अ.ने.भि. महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो। शुरुमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प.शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै बिद्यार्थीहरुको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो। त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरु निर्धारण गर्ने र समिति उपसमिति गठन गर्नेदेखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रुपले कामकुरा अगाडि बढ्दै गयो। शुरुमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रुपमा "परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा" सम्म संचालन हुँदै आइराखेको छ।


**सन्दर्भ सामग्री**

**परियत्ति शिक्षा भाग – २ (बु.सं. २५३४ देखि स्वीकृत पाठ्यपुस्तक, ने.बौ.प.शि.)**

Buddhism Key Stage 1 (Published by Buddhist Education Foundation, UK)

Buddhism for young students (WAT Dhammaram Sunday School, USA)

**बुद्ध जीवनी चित्रावली (विपस्सना विशोधन विन्यास, इगतपुरी, भारत)**

Mahamangal Sutta, The Highest Blessing (Singapore Buddhist Meditation Centre)

Parents & Children, Key to Happiness (Singapore Buddhist Meditation Centre)